जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक ४३, २०७४ साल फागुन ४ गते शुक्रबार, नेपाल संवत् ११३८ (Feb. 16, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## तीन नम्बर प्रदेशका भाग्यमानी सांसद

काठमाडौं । कमल थापाको जोडबलमा मकवानपुर पुऱ्याइएको प्रदेश नं. ३ को अस्थायी राजधानी स्थायी रुपमा टिकाउन मकवानपुरेहरुले ठूलो प्रयत्न गरिरहेका छन् । तीन नम्बर प्रदेशको राजधानी भक्तपुर अथवा काभ्रेमा राख्ने प्रस्ताव गरिएकोमा एकाएक मकवानपुर पुऱ्याइएको थियो । अहिले राजधानी कायम गराउन प्रदेश सभा सदस्य रिझाउने धन्धामा मकवानपुरले हदैसम्मको प्रयास गरिरहेको बाँकी ८ पेजमा

## महिलाको बदनाम गराउने गिरोह सक्रिय

काठमाडौं । कोटेश्वर महादेवस्थान नजिकै घर बताउने सावित्री केसीले (नाम परिवर्तन) आफ्ना साथीहरुसँग तीजको व्रतमा मन्दिरमा नाचगान गरेर रमाइलो गरेकी थिइन् ।

उक्त नाचगानको रमाइलो दुई वर्षपछि अश्लील भिडियो पोस्ट गर्ने साइटमा 'नेपाली यौनकर्मी आन्टीहरुको रमाइलो' भन्ने शीर्षक दिएर प्रसारित भएको कुरा अहिले उनका साथीबाट थाहा पाउँदा सावित्री ठूलो तनावमा परेकी छन् । यस्तो समस्या सावित्रीको मात्र होइन, थुप्रै दिदीबहिनीहरुले भोगिरहेका छन् । बाँकी ८ पेजमा

# अब मुलुकमा वाम गठबन्धनको सरकार

## केपी ओली ४१ औं प्रधानमन्त्री

काठमाडौं । मुलुकको ४१ औं प्रधानमन्त्रीमा एमाले अध्यक्ष केपी ओलीको नियुक्ति भएको छ । निर्वाचन सम्पन्न भएको लामो समयसम्म अन्योलता र राजनीतिक रस्साकस्सीमा अल्झिएको अवस्थामा निर्वाचन आयोगले बुधबार राष्ट्रपतिसमक्ष मंसिर १० र २१ गते सम्पन्न प्रतिनिधि सभाको प्रत्यक्ष र समानुपातिकतर्फको अन्तिम नतिजासहितको प्रतिवेदन पेस गरेपछि सरकार गठनको लागि मार्ग प्रशस्त भएको थियो । विभिन्न हल्ला, भ्रम र अडकलबाजीलाई चिर्दै वाम गठबन्धनले केपी ओलीलाई प्रधानमन्त्री बनाउने निर्णय गरेको थियो ।

एमाले नेता केपी ओली वाम गठबन्धनका नेताहरुसहित बिहीबार बिहानै शितलनिवास पुगेर राष्ट्रपतिसमक्ष प्रधानमन्त्रीमा दाबी प्रस्तुत गरेका थिए । एमाले र माओवादी केन्द्रका संसद सदस्यहरुको हस्ताक्षरसहित शीतलनिवास पुगेका ओलीसँगै माओवादी अध्यक्ष प्रचण्ड, एमाले नेता माधवकुमार नेपाल, सुवास नेम्बाङ, पूर्वकानुनमन्त्री अग्नि खरेल, ईश्वर पोखरेल, माओवादी नेता नारायणकाजी श्रेष्ठ पनि शीतलनिवास पुगेका थिए ।

यसै सन्दर्भमा राष्ट्रपति कार्यालयका प्रवक्ता कुलप्रसाद चुडालले जारी गरेको विज्ञप्तिमा भनिएको छ- 'आज मिति २०७४ साल फागुन ३ गते बिहीबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूसमक्ष नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष तथा प्रतिनिधिसभाका माननीय सदस्य श्री केपी शर्मा ओलीलाई नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रधानमन्त्री पदमा नियुक्ति गर्नका लागि नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) को समर्थनसहितको पत्र नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष तथा प्रतिनिधिसभाका माननीय सदस्य श्री केपी शर्मा ओलीले पेस गर्नुभयो । उक्त अवसरमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का



अध्यक्ष श्री पुष्पकमल दाहाल प्रचण्ड, नेपाल कम्युनिस्ट पार्टी एमाले तथा नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रका वरिष्ठ नेताहरुको पनि उपस्थिति थियो ।'

उता प्रधानमन्त्री शेरबहादुर देउवाले हिजो बिहानै बालुवाटारमा मन्त्रिमण्डलको अन्तिम बैठक डाकी बैठकपछि देशबासीका नाममा सम्बोधन गर्दै राजीनामा दिएका थिए । देउवालाई वामपन्थी नेताहरुले पद लोलुपताको आरोप लगाउँदै कटाक्ष गर्ने गरेका थिए भने उनले पद त्याग गर्न निर्वाचन आयोगको कानुन देखाएर संवैधानिक र कानुनी अडचन रहेको बताउँदै आएका थिए । देउवाले नयाँ संविधान कार्यान्वयनमा ल्याउन स्थानीय तहदेखि राष्ट्रिय सभासम्मको निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न गराउन भूमिका निभाएका थिए । त्यसो त उनको कार्यकाल निकै विवादित बन्यो । प्रधानन्यायाधीश सुशीला कार्कीमाथिको महाअभियोग, आईजीपी भर्ना प्रकरण, राष्ट्रिय ढिकुटीको पैसा करोडौं औषधि उपचारका नाममा आफन्त र दलका नेता कार्यकर्ताहरुलाई वितरण गर्ने कार्यले देउवाको छवि धूमिल बन्न पुग्यो । देउवाका गलत काम कारबाहीको परिणाम कांग्रेस पार्टीले निर्वाचनमार्फत भोग्नु पऱ्यो ।

राष्ट्रपति कार्यालयले हिजै दिउँसो एक विज्ञप्ति जारी गरी बाँकी ८ पेजमा

## भारतीयको बढ्दो सक्रियता

काठमाडौं । वाम गठबन्धनको सरकार बन्ने तयारी भएसँगै भारतले सक्रियता बढाएको छ । अघिल्लो हप्ता मात्र भारतीय विदेशमन्त्री सुष्मा स्वराज ठूलै दलबल लिएर नेपालको आकस्मिक भ्रमण गरी फर्किएकी छन् भने अहिले भारतीय राजदूत उत्तिकै सक्रिय बनिरहेका छन् ।

नेपालको प्रधानमन्त्री मात्र नभएर गृह, जलस्रोत, परराष्ट्र जस्ता महत्वपूर्ण मन्त्रालयमा समेत आफ्नो हित चाहने व्यक्ति घुसाउन चाहने भारतको रणनीतिअनुरुप उसको सक्रियता बढ्ने गरेको हो । नेपालको माइक्रो मेनेजमेन्टमा चासो नलिन भन्दै कहिलेकाहीँ नेपाली नेताहरुले पनि भारतलाई आग्रह गर्ने गरेका छन् । तर भारतले चासो मात्र होइन हस्तक्षेप समेत गर्ने गरेका उदाहरण प्रशस्तै छन् ।

भारतीय राजदूत मन्जिभसिंह पुरीले एमाले अध्यक्ष केपी ओलीसँग भेट

गरी नयाँ सरकार गठन लगायतका विषयमा छलफल गरेका छन् । गत मंगलबार एमाले संसदीय दलको कार्यालयमा राजदूत पुरीले भेट गरी सरकार गठनबारे बाँकी ८ पेजमा

## बालश्रम मुक्त क्षेत्र





काठमाडौं । गत बुधबार फागुन २ गते काभ्रे जिल्ला रोशी गाउँपालिका वडा नं. ४ महादेवटारले एक समारोहबीच आफूलाई बालश्रम मुक्त क्षेत्र घोषणा गरेको छ । स्थानीय बाल संरक्षण तथा सम्बर्द्धन समितिको पहलमा सो कार्यक्रम भएको थियो । समितिको अध्यक्षतामा भएको कार्यक्रममा राशी गाउँपालिकाका प्रमुख प्रमुख अतिथि तथा वडा नं. १ र ४ का अध्यक्षहरु अतिथि रहेका थिए । आफ्नो मन्तव्य क्रममा उनीहरुले उक्त क्षेत्र बालश्रम मुक्त घोषणा गर्न सकेकोमा खुसी व्यक्त गर्दै त्यसलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा बाल विकास समाजका कोषाध्यक्ष सुरेन्द्र ढकाल, बाल अधिकार विज्ञ उद्धव पौडेल, सिविसका कृष्णप्रसाद सुवदी तथा सेभ द चिल्ड्रेनका प्रतिनिधि निलम धनुषेले आफ्ना मन्तव्य राख्नुभएको थियो । मन्तव्यको क्रममा उनीहरुले वडा बालश्रम मुक्त क्षेत्र घोषणा भएपछि त्यस क्षेत्रमा बालश्रम भविष्यमा पनि हुन नदिन अभिभावक, विद्यालय, स्थानीय सरकार, बाल संरक्षण समिति, जिल्ला बाल कल्याण समिति सबै चनाखो हुनुपर्ने बताउनुभयो । उक्त अवसरमा बाँकी ८ पेजमा

## कुलमानको सेटिङमा कर्मचारी सरुवा

काठमाडौं । नेपाल विद्युत् प्राधिकरणका शक्तिशाली कार्यकारी निर्देशकले देशमा केपी ओली प्रधानमन्त्री बन्नुभन्दा एक दिन पहिले कर्मचारीको सेटिङमा व्यापक सरुवा, बढुवा गरी आफ्नो दुनो सोझ्याएको चर्चा प्राधिकरणवृत्तमा व्याप्त छ । यसरी कुलमानले सेटिङमा सरुवा गरेका कर्मचारीको संख्या ३१ रहेको छ ।

प्राधिकरण स्रोतका अनुसार कुलमानले आफ्ना पुराना हाकिम सुनिल ढुंगेलमाथि यसपल्टको सरुवामा प्रहार गर्दै वितरण तथा ग्राहक सेवा निर्देशनालयबाट कम महत्वको उत्पादन निर्देशनालयमा फ्याँकेपछि कुलमानको उछितो काढ्न भ्रष्टाचारको काण्डहरु राजधानीबाट प्रकाशित एक दैनिकमा छपाउन थालेका छन् ।

हरराजन्यौपानेमार्फतचिलिमेद्वारा सञ्चालित आयोजनाहरुमा कुस्त कमाएका कुलमानले प्रसारण निर्देशनालयबाट राजीव शर्मालाई इन्जिनियरिङमा फ्याँकेका छन् । कांग्रेसी नेता नरहरि आचार्यको सालो भएकै भरमा विगतमा ठूलठूला आकर्षक पद पड्काएका शर्मालाई प्रम देउवाले राजीनामा दिन लागेपछि कुलमानले दूधको माखा जसरी पाखा पारेका हुन् ।

जताततै भ्रष्टाचारको जालोमा घेरिएको प्राधिकरणले गति लिन नसकेका अवस्थामा भारतबाट बिजुली किनी केही समय लोडसेडिङ हटाई वाही वाही कमाए पनि अहिले दिनहुँ अघोषित रुपमा २-४ घन्टासम्म लोडसेडिङ हुन थालेपछि कुलमानलाई सराप्न थालेपछि प्राधिकरणलाई चुस्त दुरुस्त पार्न व्यापक सरुवा गरिएको दाबी कुलमानका हनुमानले गरेका छन् ।

### लोडसेडिङ फेरि सुरू

नियुक्ति पाएलगत्तै ठूलै हुँकारसहित प्राधिकरणको एमडी बनेका कुलमानले भारतबाट ठूलो परिमाणमा महँगो विद्युत खरिद गरी केही समयसम्म मुलुकलाई लोडसेडिङ मुक्त गरी वाह वाह कमाए पनि अहिले पुनः देशमा लोडसेडिङ सुरु भएको छ ।

घोषित रुपमा लोडसेडिङ नभए पनि अघोषित रुपमा लोडसेडिङ भइरहेको छ । प्राधिकरणमा कार्यरत एक निर्देशकले भने दिनहुँ मर्मत सम्भार, पावर अपग्रेड लगायतका नाममा लोडसेडिङ भइरहन्छ । हाल देशभर कुल १३७५ मेगावाटको माग रहे पनि ९ बाँकी ८ पेजमा

## विप्लवले भ्रष्टहरूलाई नछाड्ने

काठमाडौं । एनसेलको खरिद बिक्री प्रकरणमा अर्बौं कर छलि भएको विषय गम्भीर रुप्मा उठेको थियो । नेपालमा व्यापार गरेर खर्बौं कमाए पनि कम्पनी बिक्री गर्दा कर छल्ने दुराशय लिएपछि एनसेललाई कर तिर्न चौतर्फी जनदबाब सिर्जना भएको थियो । ठूलो दबाब झेलेको एनसेलले केही रकम तिरे पनि बाँकी सबै चुक्ता गर्न अटेर गरेर बस्यो । यसैबीच एनसेलको नेफालमा रोकिएको नाफाको रकम विदेश लैजान पाउने सर्वोच्च अदालतले फैसला गरेपछि एनसेलले रोकिएको नाफा रकम विदेश लान थाल्यो । अर्बौं रकम एक्कासी विदेशिएपछि बैंकहरुमा तरलताको हाहाकार मच्चिरहेको छ ।

एनसेलले गरेको कालो कर्तुतको असन्तुष्टि जनतामा व्याप्त भइरहेको अवस्थामा मुलुकभरका विभिन्न ठाउँका एनसेल टावरहरुमा आगजनी तथा कुकर बमको आक्रमण गरी अज्ञात समूहले क्षति पुऱ्याएको छ । जनयुद्ध दिवसको पूर्वसन्ध्यामा भएको विस्फोटलाई प्रहरीले नेपाल कम्युनिस्ट पार्टी विप्लवसँग जोडेर अनुसन्धान गरिरहेको बुझिएको छ भने यसबारेमा कसैले आधिकारिक जिम्मेवारी लिएको छैन ।

विप्लव समूहले अघिल्लो हप्ता मात्र करोडौं भ्रष्टाचार काण्डमा अख्तियारको फन्दामा परेका र अदालतले धरौटीमा छोडेका तत्कालीन बाँकी ८ पेजमा

## ४ नम्बर प्रदेशमा पनि प्रशिक्षण



नेकपा मालेले माघ २१ र २२ गते प्रदेश नं ३ का नेता तथा कार्यकर्ताका लागि प्रशिक्षण सफल रुपमा आयोजना गरेपछि २६ र २७ गते त्यस्तै प्रशिक्षण प्रदेश नं ४ मा पनि आयोजना गऱ्यो । ४ नं. प्रदेशका १७ जिल्लाका नेकपा माले जिल्ला सचिवहरुले उक्त कार्यक्रममा सहभागिता जनाएका थिए । विभिन्न दश विषयमा दिइएको प्रशिक्षणमा पार्टी महासचिव बाँकी ८ पेजमा

## राष्ट्रियताको सुरक्षामा नेपाली सेनाको भूमिका

**बुद्धिनारायण श्रेष्ठ**

भ्रमणकर्ता तथा पर्यटकहरू एक देशको भू-भागबाट अर्को देशको भू-खण्डमा अन्तर्राष्ट्रिय सीमापार गरी अर्को मुलुकमा प्रवेश गर्न दिने कार्यलाई सीमा व्यवस्थापन भनिन्छ । अन्तर र्राष्ट्रिय सीमारेखाले एकअर्को देशबीच सांकेतिक पर्खालको काम गरेको हुन्छ । यसलाई तोकिएको निकाय अर्थात अध्यागमन तथा सेनाबाट सुरक्षित संरक्षित गरिएको हुन्छ । आफ्नो देशको सीमारेखाभित्र त्यस राष्ट्रका नागरिकले आफ्नो सार्वभौम अधिकारको उपभोग गर्न पाउँछ भने निश्चित सीमारेखा पारगरेपछि अर्को देशको सार्वभौमिकता सुरु हुन्छ । एक देशभित्र एक किसिमको सीमा व्यवस्थापनको तौर-तरिका निर्धारित गरिएको हुन्छ भने अन्तर्राष्ट्रिय सीमा नाघेर गएपछि अर्कै प्रकारको व्यवस्थापन तथा चालचलनमा भिज्नुपर्ने पनि हुन आउँछ । जब एक देशको सीमापार गरेर अर्को छिमेकी मुलुकभित्र प्रवेश गरिन्छ- पहिलो देशको मुद्रा अमान्य हुनसक्छ, भाषा फरक पर्न जान्छ, सर-सामानको भन्सार महसुल तिर्नपर्ने हुन्छ, व्यवस्थापकीय नियमावली बेग्लै प्रकारको हुनसक्छ ।

विश्वका विभिन्न देशका बीच विभिन्न प्रकारको सीमा व्यवस्थापन पद्धति रहेको छ । यस्ता पद्धतिहरूमध्ये अन्तर्राष्ट्रिय स्तरमा तीन प्रकारको सीमा प्रणाली अर्थात् खुला सीमा, नियमित सीमा, बन्द सीमा प्रणाली अवलम्बन गरिएको पाइन्छ । नेपाल र भारतबीच खुला सीमा व्यवस्था अपनाइएको छ भने चीनसँग नियमित (रेगुलेटेड) पद्धति अवलम्वन गरिएको छ ।

नेपाल र भारतबीचको विद्यमान खुला सीमा व्यवस्थापनले दुई देशका जनतालाई आवागमन गर्न सुविधा पुऱ्याएको छ भने अर्कोतर्फ देशका निम्ति कतिपय जटिलता तथा शान्ति सुरक्षा अमनचैन कायम राख्न दुवैतर्फ समस्या सिर्जना पनि भएको छ । उदाहरणार्थ, एक देशमा अपराध गर्छन्, बिनारोकटोक त्यस्ता अपराधी अन्तर्राष्ट्रिय सीमा पार गर्छन् र अर्को दशेमा लुकिछिपि बस्छन् । खुला सीमा व्यवस्थाका कारणले अन्तर-सीमा आतंककारी गतिविधि बढेको, अवैध हातहतियार ओसार-पसार हुने गरेको, लागू पदार्थ ल्याउने-लैजाने, चेलीबेटी बेच-बिखन भएको, मालसामान र मेसिनरी औजार तस्करी तथा चोरी निकासी हुने गरेको, व्यक्ति अपहरण भएको, बसाई-सराइ वृद्धि भएको, भन्सार राजश्व संकलनमा चुहावट भएको, चोरी-डकैती, हत्या-बलात्कार तथा विध्वंसात्मक गतिविधि बढेको पनि महसुस भएको छ ।

खुला सीमा व्यवस्थाले उब्जाएका यस्ता समस्यालाई नियन्त्रण तथा समाधान गर्न वैकल्पिक व्यवस्था अपनाउन सकिन्छ । यस्ता व्यवस्थामध्ये अन्तर्राष्ट्रिय सिमानामा सेना (सीमा सुरक्षा बल) तैनाथ गर्ने व्यवस्था पनि एक हो । यस्तै, सीमा वारपार गर्नेले परिचयपत्र प्रस्तुत गर्नुपर्ने तथा सीमा रेखामा तारवार लगाई निश्चित सीमा-नाकाबाट मात्र आवत-जावत गर्न दिने जस्ता वैकल्पिक व्यवस्था पनि प्रभावकारी हुनसक्छ ।

सीमा व्यवस्थापनलाई नियमित, व्यवस्थित, नियंत्रित गर्ने कार्यमा सहयोग पुऱ्याउन बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

## सम्पादकीय

# कर्मचारीतन्त्रमा सुधारको खाँचो

निजामती कर्मचारी प्रशासनलाई राज्यको स्थायी सरकारको रूपमा मानिन्छ । समय-समयमा सरकारको फेरबदल भए तापनि कर्मचारी प्रशासन स्थायी हुने भएकाले कतिपयले सरकार र कर्मचारी प्रशासनलाई टोपी र टाउकाको रूपमा पनि हेर्ने गरेको पाइन्छ । कर्मचारीतन्त्र सुदृढ, इमानदार, स्वच्छ र कर्मशील भएन भने राज्यबाट जनतामा प्रवाहित हुने सेवा सुविधामा गम्भीर अवरोध उत्पन्न हुन्छ । जुनसुकै खालको राजनीतिक परिवर्तन भए तापनि कर्मचारीतन्त्रले मुलुकको संविधान, ऐन, कानुनअनुसार कार्यसम्पादन गर्ने हुनाले यसको क्षेत्राधिकार र गरिमाको छुट्टै महत्वपूर्ण हुन्छ । कर्मचारीतन्त्र राजनीतिबाट प्रेरित बन्नु हुँदैन र निष्पक्ष रूपमा देश र जनताको सेवामा लाग्नुपर्ने यसका मान्यता भएकै कारण निजामती कर्मचारीले संविधानमै राष्ट्रसेवकको सम्मानित ठाउँ पाएका छन् ।

अहिले त्यही राष्ट्रसेवक कर्मचारीतन्त्रभित्र राजनीति हावी भएका कारण राष्ट्रसेवकको गरिमामा आँच पुगेको छ भने जनताप्रति गर्नुपर्ने सेवा प्रवाहमा गम्भीर कमजोरी भइरहेको छ । मुलुकले लामो समयसम्म संक्रमणकाल झेलेर अहिले नयाँ संविधानअनुसारको राज्य पुनर्संरचना गरी संघीय ढाँचामा रूपान्तरण भएको छ । राज्यले धारण गरेको संघीय स्वरूपको अवयव सञ्चालनमा ल्याउने मूल दायित्व कर्मचारी प्रशासनको हो । तर कर्मचारीहरूको असहयोगका कारण राज्य पुनर्संरचना बमोजिम स्थापना भएका कार्यालयहरू सञ्चालनमा आउन सकेका छैनन् । निजामती कर्मचारीले सेवा प्रवेश गर्दा निजामती ऐनमा उल्लेखित सेवा, शर्त पालन गर्ने र पालन नगरे कानुनी कारबाही भोग्न तयार रहने सपथ लिएका हुन्छन् । तर राज्यले खटाएको ठाउँमा कर्मचारी नगएर संविधान र कानुनलाई नै चुनौती दिएका छन् ।

कर्मचारी अटेरी हुनुमा कर्मचारीको मात्र दोष छैन । बरू निजामती कर्मचारीभित्र समेत प्रवेश गरेर कर्मचारीहरूलाई राजनीतिक रूपमा विभाजित गराएर दल विशेषका झोले र झन्डे बनाउनेहरू दोषी छन् । २०४६ सालपछि कर्मचारीभित्र मौलाएको राजनीतिले अहिले चरम रूप धारण गरेको छ । राजनीतिक कारणले गर्दा मन्त्रालयको सचिवभन्दा ट्रेड युनियनका नेताहरू माथिल्लो हैसियतका बन्न पुगेका छन् । त्यसैले कर्मचारी सचिवको आदेश होइन, ट्रेड युनियनका नेताको आदेश पालन गर्छन् । राजनीतिक परिवर्तन सँगसँगै सेवा, सुविधा थप्न र विशेष लाभ लिन मात्र दौडने कर्मचारीले अहिले फेरि स्थानीय तहमा जाँदा एक तह प्रमोशनको बार्गेनिङ गरिरहेका छन् । कर्मचारी नगएकै कारण ७५३ वटा स्थानीय तह नाम मात्रका बन्न पुगेका छन् ।

जनतासँग प्रत्यक्ष सरोकार राख्ने स्थानीय तहलाई राजनीतिक दलले घरघरमा सिंहदरबार भन्दै आएका छन् । तर कर्मचारीतन्त्रको असहयोगका कारण घरघरमा सिंहदरबारको नारा केवल नारामा नै सीमित भएको छ । हाम्रो कर्मचारी प्रशासन घूसखोरी, कमिसनतन्त्र र ढिलासुस्तीबाट बदनाम बनेको छ । कर्मचारीहरू जनताको सेवा गर्नेभन्दा पैसा कमाउने मालदार ठाउँमा मात्र जाने प्रयत्नमा हुन्छन् । आफू निकटको कर्मचारी मालदार ठाउँमा पोस्टिङ गराएर कमिसन खाने नेताहरू पनि बग्रेल्ती भेटिन्छन् । कर्मचारी प्रशासनभित्र देखिएका सम्पूर्ण विकृति विसंगतिको धोइ पखाली गरी शुद्धता कायम गराउन समय लाग्ने भए तापनि स्वच्छ प्रशासनको अवधारणा लागू गराउन सम्बन्धित सबै पक्ष प्रतिबद्ध बन्नैपर्ने हुन्छ । अन्यथा राज्य पुनर्संरचना केवल बाँदरका हातको नरिवल मात्र बन्नेछ । कर्मचारीलाई अनुशासनको दायरामा ल्याउने कामको थालनी तत्काल हुनैपर्छ ।

# जनयुद्ध दिवस मनाउनुको सान्दर्भिकता छ र ?

**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**



मंगलबार फागुन १ गते सेना दिवस र जनयुद्ध दिवस एकै दिन पऱ्यो । जनतालाई जनगणतन्त्र दिन्छौं । नेपाललाई भारतीय अर्धऔपनिवेशिक उत्पीडनबाट मुक्त गर्छौं भनेर सुरु गरिएको जनयुद्ध आफ्ना दुबै उद्देश्यमा असफल भएपछि माओवादीहरु प्रचण्ड, बाबुराम, वैद्य र विप्लव गरी चार टुक्रा बन्न पुगे । माओवाद नै छोड्नेमा बाबुराम, पूर्ण विसर्जनवादमा प्रचण्ड, न पुनः जनयुद्ध न संसदीय व्यवस्था दुवै भन्न नसकी अप्ठेरो ठाउँमा फलेको फर्सीजस्तो वैद्य र विप्लव हुन पुगेका छन् । १२ बुँदे सम्झौतापछि तथाकथित योग्य मानिएका लडाकुहरु नेपाली सेनामा मिस्सिन पुगे भने अयोग्य सावित भएकाहरु यत्रतत्र छरपष्ट हुन पुगे । तीनमध्ये कोही कृषिमा, कोही ब्यपारमा, कोही वैद्यको र कोही विप्लवको समूहमा संलग्न हुन पुगेका छन् ।

बाबुरामले प्रधानमन्त्री हुँदा भारतसँगको मर्जर र बीप्पा सम्झौताले निकै चर्चा पायो । प्रचण्ड दोस्रो पटक प्रधानमन्त्री भई भारत जाँदा गरेको २५ बुँदे संयुक्त विज्ञप्तिको १ बुँदाले अन्तर्राष्ट्रिय मामलामा भारत र नेपालको समान दृष्टिकोण हुने व्यवस्थाले नेपाललाई भुटानको हैसियतमा झारेपछि यी दुवै बाबुराम र प्रचण्ड राष्ट्रघाती रहेछन् भन्ने स्वतः सावित भयो । यही कारण प्रचण्डको चोचोमोचो महाकालीमा राष्ट्रघात गर्ने एमालेसँग मिल्न पुग्यो अनि यी दुबै एकता गर्ने भन्दै संयुक्त घोषणापत्र लिएर प्रतिनिधि र प्रदेशसभाको चुनाव लडे र जिते पनि । यस गठवन्धनमा सामेल भएर मोहन विक्रमको राष्ट्रिय जनमोर्चाले पनि आफ्नो राष्ट्रवादी छवी धमिलायो । यही पाराले नेकपा माले र नेमकिपाको छवि धमिल्याउने प्रयास केपी र प्रचण्डले नगरेका होइनन् । आफूहरु चुनाव हार्छु भन्ने थाहा पाएर पनि माले र नेमकिपा राष्ट्रघातीहरुको गठबन्धनसँग सामेल हुन गएनन् । नेपाली मतदाताहरुले चुनावमा यिनै राष्ट्रघातीहरुलाई राष्ट्रवादी र विकासवादी ठानेर भारी मतले जिताए । आफ्ना कठपुतलीको गठबन्धनले चुनाव जितेको देखेपछि हर्षले विभोर हुँदै निम्ता न सिम्ता आइन् सुष्मा स्वराज नेपाल र पालैपालो केपी र प्रचण्डलाई आशिर्वाद दिँदै अब भुटानको जस्तै गरी नेपालको परराष्ट्र र रक्षा भारतलाई दिनुपर्ने जिकिर गरिन् । उनको त्यो जिकिर स्वभाविक पनि हो किनकी माओवादी जनयुद्धको उठान र बैठान भारतले नै गरेको रहेछ भन्ने प्रमाणित भइसकेको छ भने मदनको हत्यापछिको एमालेलाई उठाएर आजको अवस्थामा पुऱ्याउन पनि भारतकै हात रहेको सोल्टी होटलमा गएर केपीले गरेको ढोग भेटबाट प्रस्टै भएको छ ।

अर्कोतर्फ सेना दिवस पारेर भारतका स्थल सेनाध्यक्ष नेपाल आएका छन् । यिनी नेपाली सेनाका मानार्थ महारथी पनि हुन् ।

**नेपालमा भएका हालसम्मको सबै क्रान्तिहरू भारतको इसारामा भएको र यी क्रान्तिहरूबाट सबैभन्दा बढी नाफा लिने भारत पो रहेछ भन्ने कुरा पनि आजभन्दा भोलि र भोलिभन्दा पर्सि स्पष्टै हुँदै गइरहेको परिप्रेक्ष्यमा जनयुद्ध दिवस मनाएर कुन कुराको गौरव प्रदर्शन गर्न खोजिएको हो त्यो पनि नेपाली मतदाताहरूले विस्तारै सोध्नुपर्छ ।**

त्यसै गरी नेपाली सेनाध्यक्ष पनि भारतीय सेनाको मानार्थ महारथि हुने परम्परा रहेको अवस्थामा केपी र प्रचण्डले देशै लगेर भारतलाई बुझाए पनि नेपाली सेनाले केही गर्न सक्ने कुरा भएन । नेपालका राजा वीरेन्द्र तथा ज्ञानेन्द्रले भुटानको जिग्मेको हैसियतमा बसी नेपालको परराष्ट्र र रक्षा भारतलाई दिने सन्धिमा उहिले हस्ताक्षर गर्थे भने अहिलेका नेताहरु कि भारतमा शरणार्थी, कि मृत्युको मुखमा कि जेलमा सडिसकेका हुने थिए । नेपालमा रहेका आप्रवासी भारतीयहरुलाई नागरिकता दिने विधेयकमा लालमोहर नलगाएकै कारण वीरेन्द्रको वंश विनाश र ज्ञानेन्द्रको गद्दीच्यूत भएको र त्यसपछि बनेको गणतन्त्रले नागरिकता विधेयक पास गरी नेपालीमा रहेका एक करोड भारतीय आप्रवासीहरुलाई कौडीको मूल्यमा नेपाली नागरिकता बाँडी नेपाललाई फिजी हुँदै सिक्किम बनाउने रणनीति अख्तियार गरेको तथ्यहरु पनि अब विस्तारै खुल्दैछन् । यसको साथै नेपालमा भएका हालसम्मको सबै क्रान्तिहरु भारतको इसारामा भएको र यी क्रान्तिहरुबाट सबैभन्दा बढी नाफा लिने भारत पो रहेछ भन्ने कुरा पनि आजभन्दा भोलि र भोलिभन्दा पर्सि स्पष्टै हुँदै गइरहेको परिप्रेक्ष्यमा जनयुद्ध दिवस मनाएर कुन कुराको गौरव प्रदर्शन गर्न खोजिएको हो त्यो पनि नेपाली मतदाताहरुले विस्तारै सोध्नुपर्छ । ढाँटेको कुरा काटे पनि मिल्दैन भन्ने कुरा देशलाई धर्मनिरपेक्ष राष्ट्र बनाउने एमालेरुपी राष्ट्रपति विद्या र माओवादीरुपी उपराष्ट्रपति नन्दकिशोर पुनले शिवरात्रिको दिन पशुपती गई पूजाआजा गर्नुले स्पष्टै पारेको छ । कम्युनिष्ट मुकुण्डोधारीहरुले सरकारी तामधामसहित पशुपतिको दर्शन गर्न जानैपर्छ भन्ने कुरा नेपालको संविधान र कानुनमा कहाँ उल्लेख छ ? नेपाली जनताले त्यो पनि सोध्नुपर्छ । हिजोको जनयुद्धको कमाण्डर नै पशुपतिको शरणमा पर्न जानु परेको दिन जनयुद्ध दिवस मनाउनुको सान्दर्भिकता छ र ?

# विश्व हेर्दै नहेर्ने नेता त्यागी हुने कसरी ?



**जगदीश**
**लामिछाने**
रौतहट, पौराई

जुद्ध शमशेरका ज्वाईं जय पृथ्वीबहादुर संसार भ्रमणमा निस्किए । यसै बीचमा जुद्ध शमशेरले चार जना सहिद बनाए । अंग्रेजले दुई दुई चोटि अहिलेको बंगलादेशसम्म माग, म तिम्रो गुमेको नेपाली भूभाग दिन्छु भन्दा आँट गर्न नसकेर पद्म शमशेरलाई सत्ता सुम्पी आफू भने रिडी गएर बसे । त्यसै बेला ठ्या र मठ्या कलह राणाजीहरुमा भइसकेको थियो । किनभने जंगबहादुर हक्की थिए । सर्किनीको घरमा दुःखसँग हुर्किएका र सानैमा बाबु बाल नरसिंहसहितका सैनिक टोली दैलेखमा हैजाले मरेर पनि पछि श्री ५ सुरेन्द्रका पेलाइमा झनै तिखारिएका थिए । उनले अंग्रेजलाई लगाएको गुनमा नयाँ मुलुक लिए र कोत पर्वको पाप पखाले । तर चन्द्र शमशेर भीम शमशेरलाई मारेर राजा भएका र अंग्रेजसँग गुमेको नेपाल होइन पैसा लिएर आफ्ना छोराहरुलाई १५/१५ करोड बाँडिदिएका थिए । चलाखीसँग बेलायतमा राजदुतावास र अमेरिकासँग सम्बन्ध राख्नसम्म भ्याएर नेपालको इज्जत राखे । त्यही पैसाले पनि राजाका १७ भाइ छोरा कोही नेपाल, कोही पाल्पा पोखरा गीत नै बनेर उछिट्टएका ल्याइते र ब्याइते खलक छुट्टिसकेका थिए । यसैकारणले जुद्ध शमशेरले थेग्न नसकेका हुन् । २००७ साल पनि एक जीप विदेशी पैसा बाँडेर आएको हो भनेर मान्छेहरु भन्दैछन् ।

तर बझाँगी राजा जय पृथ्वीबहादुरले विश्व देख्दा नदेख्दै यही विश्वमा अफिमको राजले चीन गलिसकेर फेरि उठ्यो । पछि अमेरिकी सेनामा अफिम पसेर भियतनाम युद्धमा पिठ फर्काउनु परेको हो । अझै अफिम जस्ता लागूपदार्थ एकातिर नियन्त्रण र अर्कातिर बेलायतको सिको विश्वमा तैनाथीमा लागेर अरब मुलुकमा इजरायललाई जबर्जस्त बसाइसकेको छ । अमेरिकी बुद्धिमा १९४५ मा जापानमा खसालेको बम अहिले पछुताउमा परेको छ । यसैले उत्तर कोरियामा उसले बम फाल्ने आँट गर्न सकेको छैन । किनभने अहिले भारत जस्ताले पनि अणुबम बनाइसकेका छन् । यसैकारण धर्म, अफिम, बुद्धि सबैको चलाखिमा अमेरिका बसेर इसाइ धर्म भारतको पूर्वीय आसामतिर र नेपालका भर्खरै संघीय भएका रुकुम आदिमा सरकारी पैसामा र काठमाडौंमा लुकीलुकी इसाइ धर्मप्रचार गरिँदैछ । बुढो बेलायत भने भारत अफ्रिका आदि ठाउँबाट फर्केर समुद्रको किनारमा घाम तापी बसेको छ ।

यसै बेलामा अर्को दृश्य पेट्रो डलरले अरब आदि देशका जनता सम्पन्नताको रोगले थलिएका छन् । यो सम्पन्नताको प्रतिकूल अरु केही नभएर बिजुलीबाट, मोटर तथा हवाईजहाजसमेत वैज्ञानिकले चलाइसकेका छन् । त्यो बिजुली सौर्य उर्जाबाटै पनि बनाउन लागेकोमा होस पाएका छैनन् । यो किन भनिन्छ भने मुसलमानहरु आपसमा पनि लड्दैछन्, पुरानो कुरा सम्झेर बर्मा, बंगलादेश आदिमा पनि सक्रिय नै छन् । भोलि बिजुलीका र पेट्रोलका मोटर नेपालमा सँगसँगै चल्ने छन् । संसारमा नचल्ने कुरै भएन । सम्पन्न मान्छेहरु धाकधक्कु लगाएर पेट्रोल डिजेलका मोटरमा र साधारण मानिसहरु विद्युत मोटरमा हिँड्ने दिन अब धेरै टाढा छैन । नेपाली ब्यापारीले बगलीमा खोला राखी बेचेर पैसा कमाए भन्नु बेकार छ ।

इसाइ धर्म प्रचारमा अमेरिका भित्रभित्रै भए पनि उत्तरी युरोपले सहयोग गरेको छ । मुस्लिमकै कारणले बंगलादेशमा आएका ६ लाखभन्दा बढी शरणार्थी फिर्ता गर्छु भन्न लागेका छन् । यस्तो अवस्थामा अरबका मुजाहिद्दिन धर्मयुद्धमै युरोपतिर फर्केको अवस्था छ । आफ्नै भारतको पुरानो साइनो सम्झेर मुसलमानहरुले चीन, नेपाल, भारत आदिलाई नतर्साउलान् भन्ने छैन किनभने हिमवत्खण्डको आर्यधर्मलाई अफिम भनेर होच्याउने माओवादीहरुले सरकारी ढुकुटीकै पैसाले इसाइ धर्मको प्रचार गरेको रोक्ने कस्ले ? यसरी होस गुमाइरहने हो भने पछि पछुतायर केही काम पनि बन्दैन ।

यी भए धर्मका कुरा, अब त्यागका कुरातिर लागौं । आर्यावर्तको शिव र बुद्ध धर्मावलम्वी माग्ने वृत्तिकै हुन् । विष्णुको सर्प ओछ्यान हुँदा र सत्ता पनि नहुँदा शिव, विष्णु, बुद्ध, आदि अकिंचन नै देखिए । तर नेपालका स्थानीय र राष्ट्रिय चुनावमा जित्नेहरुले २०७४ मै गरेको खर्च देख्दा आङ सिरिङ्ग हुन्छ । यिनले पदमा बस्नासाथ धन, सेवा र सुविधामा ऱ्याल काडेको देशैभर देखिन लागेको छ । यसैले यिनीहरुले काम गर्लान् जस्तो छैन । घुस्याहा र भ्रष्टाचारीहरुले यिनीहरुलाई लट्पट्याउने नै भए । सबै माथिल्ला नेताहरु मर्ने दिनसम्म नेता नै भइरहन खोज्छन् । अरुलाई मौका दिनै चाहँदैनन् । यो त्याग र समर्पणको भावना नै भएन । शेरबहादुर देउवाको र बाबुरामका श्रीमतीहरुले गरेका भ्रष्टाचारको चर्चामा दुबै विरोधी देखिँदैनन । पुष्पकमल धनी नै छन् । कसका धनले धनी भए सबैलाई थाहै छ । केपी ओली र माधव तँभन्दा म के कम भन्ने नै भए । यी सबै नै त्यागी छन् भन्ने के प्रमाण छ ?

## अबको क्रान्ति : पर्यावरणीय (खण्ड २)

सुदर्शन प्रधान

# वागीश्वरी संरक्षण सङ्घर्ष : संक्षिप्त सिंहावलोकन (५)

१९ गते, ३-४ बजेतिर प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी प्रमुख आएर आमरण अनशनकारीहरूलाई अनशन त्याग्न आग्रह गरे । जबाफमा चेतनाथ अधिकारीले भन्नुभयो, "राष्ट्रको मुटुको टुक्रा यसरी बेचिन्छ भने, निहित स्वार्थका लागि वागीश्वरी धामजस्तो पवित्र क्षेत्रमाथि बलत्कार हुन्छ भने हामी बाँचिरहेको के सार ? जानुस्, तपाईंहरूका हाकिमहरूलाई भन्नुस् कि वागीश्वरीबाट मेडिकल कलेज नहटुन्जेल यसरी नै अनशनमा बस्नेछौं र मर्नै परे खुट्टै तन्काएर वागीश्वरलाई यो ज्यान चढाउनेछौं ।"

असोज २० गतेसम्म सयौं मानिसले आमरण अनशन स्थलमा आएर हस्ताक्षर पुस्तिकामा सही गरे । कोही बस रोकेर आउँथे त कोही देवघाटतर्फ जाने यात्रीहरू हुन्थे । नारायणगढ बजारबाट जानेचाहिँ कमै थिए । आमरण अनशनकारीहरूमध्ये तीन जना भ.न.पा ११ का भएरै होला, त्यहाँबाट जाने धेरै मानिसहरू आउँथे । बेलुकाचाहिँ अनशनकारीहरूका परिवारका सदस्यहरू आई अपहत्ते देखाउँथे र स्वयम्सेवकहरूसँग झगडा गर्थे ।

आमरण अनशनकारीहरूको हेरचाह र सुरक्षाको जिम्मा मूलतः सुदर्शन प्रधान, चूडामणि ओली, इन्द्रबहादुर बोहरा, मोहन पौडेलले लिएका थिए । यी चारमध्ये तीन जना त्यहाँ प्रायः रातोदिन रहन्थे । १९ र २० गते राति १० बजेपछि चौतारानजिक केही हुल्याहा, जँड्याहाहरूले आपसमा हल्ला गर्ने, झगडा गर्ने र बलियोले कमजोरलाई सजाय दिने गरेको दृश्य देखाए । उनीहरू कुनै शक्तिबाट सञ्चालित भई आमरण अनशनकारी र उनीहरूका सहयोगीहरूमा त्रास उब्जाउने मनोवैज्ञानिक दबाब दिएको आभास मिल्थ्यो ।

२१ गते बिहान ८ बजेतिर सुदर्शन र इन्द्रबहादुर सङ्घर्षकै कामविशेषले देवघाट गए र १०.३० बजेतिर चूडामणि ओली खाना खान घर जानुभयो । यसै बेला भनपा ११ का कतिपय युवाहरू आमरण अनशनकारीहरूलाई 'शान्तिपूर्ण कदमले हुँदैन, चक्का जाम गर्नुपर्छ' भन्दै उक्साउन पुगेछन् । अनि चेतनाथको नेतृत्वमा सबै अनशनकारीहरू उठेर देवघाट-वागीश्वरीको सडक अवरोध गरी आफू पनि त्यही सडकमा सुते । यो निर्धारित नभई अचानक भएको बलपूर्ण कार्यक्रम थियो । जुन कुरा सङ्घर्ष समितिको योजनाविपरीत भयो ।

१:०० बजेतिर घटना स्थलमा चूडामणि, सुदर्शन, इन्द्रहरू आइपुगे र अनशनकारीहरूलाई विनम्र अनुरोध गरे, "यो सडक अवरोधको कदम शान्तिपूर्ण होइन । यो कार्य हाम्रो नीति र योजनाविपरीत भयो । कृपया तपाईंहरू आफ्नो पहिलेकै ठाउँमा फर्कनुस् र पुनः आमरण अनशनमा बस्नुस् । धैर्य गर्नुस् । हामी आफ्नो उद्देश्यमा दृढ बनौं ।"

हाम्रो अनुनयविनयबाट तीन जना अनशनकारीहरू फर्कन तयार हुनुभयो तर उहाँहरूले पनि चेतनाथ अधिकारी फर्के मात्र आफू पनि फर्कने सर्त राख्नुभयो । यस सङ्कटपूर्ण घडीमा चेतनाथ अधिकारीले आफ्नो हठको राम्ररी परिचय दिनुभयो । उहाँहरू सङ्घर्ष समितिको अधीनमा नभई स्वतन्त्र हुनुभयो । वास्तवमा तर्कसङ्गत रूपले भन्ने हो भने व्यवहारतः उहाँहरूले आमरण अनशन त्याग्नुभएको देखियो ।

२:०० बजेतिर प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुख एक भ्यान सशस्त्र प्रहरी लिएर घटनास्थलमा आइपुगे र चारै जना वृद्धहरूलाई गिरफ्तार गरी हिरासतमा लिए । यस घडीमा नेतृत्वले के गर्न सक्थ्यो र ?

सङ्घर्ष समितिको योजनाविपरीत घटनाले उल्टो मोड लिएर यस्तो दुर्भाग्यपूर्ण घटना घट्नुका पछाडि विभिन्न कारणहरू थिए । त्यसमा मूलतः निम्न छन्–

१. आमरण अनशनमा पूर्वनिर्णय भएअनुसार सुदर्शन, चूडामणि, इन्द्रबहादुर र हीरादेवीमध्ये कम्तीमा १ जना बस्नै पर्थ्यो, मौखिक रूपले तयार भए भनेर वृद्धहरूलाई मात्र राखिन हुन्नथ्यो । जसका कारण ५ दिनको भोकप्यासले उनीहरू सबै आत्तिए ।

२. सङ्घर्ष समितिका संयोजक योगी नरहरिनाथले चेतनाथ अधिकारीलाई "अब यो समितिको अध्यक्ष तपाईं हुनुभयो, म रहिनँ" भनी गैरजिम्मेवारीपूर्ण रूपले पद हस्तान्तरण गर्नु हुन्नथ्यो । जसका कारण चेतनाथ सन्किएर उनले आफूलाई सङ्घर्ष समितिभन्दा माथि ठानी सडक अवरोध गर्न समितिलाई आदेश दिए ।

३. आमरण अनशनकारीहरूलाई सङ्घर्ष समितिका प्रमुख पदाधिकारीहरू संयोजक, उपसंयोजक र सचिवमध्ये एक जनाले कहिल्यै छोड्न हुन्नथ्यो ।

४. आमरण अनशनकारीहरूका परिवारबाट हुन सक्ने सम्भावित समस्याहरू भनौं वाधाअडचनहरूबाट सतर्क हुनुपर्थ्यो र उनीहरूलाई उद्देश्यबारे स्पष्ट पार्नुपर्थ्यो ।

त्यस बेला प्रजिअ र जिप्रप्रको नेतृत्वमा चार जना वृद्धहरूलाई गिरफ्तार गरी जिल्ला अस्पताल भरतपुरमा भर्ना गरे । सोही दिन दलबहादुर र पद्मकान्तलाई उनीहरूका परिवारहरूले डाक्टरको सल्लाह लिई घर फर्काए । चेतनाथ र घनश्यामचाहिँ अस्पतालमै पानी पनि नपिई अझ कडासँग आमरण अनशनमा बसे । आमरण अनशन, चक्का जाम र पुनः आमरण अनशनको यो बेथितिको लडाइँ र अनुत्पादक बलिदानबाट बच्न समितिको सङ्कटकालीन बैठक बस्यो र अनशन तोडाउन प्रयास गर्ने निर्णय लियो । अर्को दिन योगी नरहरिनाथ पनि आइपुग्नुभयो । उहाँकै हातबाट २२ गते राति ८ बजे फलफूलको रस सेवन गरी चेतनाथ र घनश्यामले पनि आमरण अनशन रोके । *(क्रमशः)*

# मैले देखेको तेत्तीसौं विश्व सम्पदा : कोलनको डोम

सुरेन्द्र ढकाल




डोमको भित्री भाग




कोलन सहरबीच डोम यस्तो देखिन्छ




कोलनको डोम अगाडि फादर भाल्टर र मित्र हिरामणिसँग सुरेन्द्र ढकाल



डोमको अगाडिको भाग



डोमको भित्र सिसाको झ्यालहरूमा भएको कलाकृति



डोमको मुख्य द्वार

म्युनिखको मेरियन डोम अवलोकन गरेपछि हामी सबै फेरि स्पायर फर्क्यौं । म आफ्नो स्नातकोत्तर अध्ययनको प्रि सेमेस्टरमा ब्यस्त हुन थालें । जर्मन होस्ट फेमेलीहरूसँगको सम्बन्ध निकै राम्रो हुँदै गएको थियो । यसैबीच मेरो होस्ट फादर भाल्टरलाई आफ्नो नातेदारको घर उत्तर जर्मनीतिर जानुपर्ने भयो । आफ्नै भ्यानमा जाने र उक्त भ्यानमा भान्सा पनि भएकोले पकाएर खाने, सुत्ने अनि घुम्ने कुरा उनले मलाई सुनाए । संयोगवस उक्त कार्यक्रम सप्ताहको अन्तमा परेको कारण शुक्रबार बेलुका गई सोमबार बिहान फर्कंदा क्लास पनि निबग्रने भएकाले हामी पनि भाल्टरसँगै उत्तर जर्मनीतर्फ लाग्ने निधो गर्‍यौं । त्यतिखेर मेरी आमा रमा र सानीमा रूमन काठमाडौं फर्किसकेका थिए । मैले हिरामणीजीलाई पनि जाने अनुरोघ गरेबमोजिम उहाँ पनि तयार हुनुभयो । होस्ट फादर भाल्टर, मदर एडिट अनि हिरामणीजी र म गरी चारजना शुक्रबार ३ बजेतिरै लाग्यौं उत्तर जर्मनीतिर । यही क्रममा भाल्टरका नातेदार भेटेर स्पायर फर्कंदा उहाँले हामीलाई जर्मनीको विश्वविश्यात कोलोनको क्याथेड्रल (डोम) अवलोकन गर्ने मौका दिनुभयो ।

**कोलोनको डोम**

कोलोनको डोम खासमा रोमन क्याथोलिक सेन्ट पिटर क्याथड्रल चर्च हो । यहाँ कोलोनका आर्कविशप रहन्छन । गोथिक वास्तुशैलीमा निर्माण गरिएको यो डोम जर्मनीको ठूला चर्चहरूमध्ये एक हो । यस चर्चलाई सन् १९९६ मा युनेस्कोले विश्व सम्पदामा सूचीकृत गरेको थियो । एकै दिनमा २० हजार पर्यटकले अवलोकन गर्ने यो चर्च पश्चिम जर्मनीको तत्कालिक राजधानी बोन नजिकै रहेको छ । १५७ मिटर अग्लो जुम्ल्याहा चुच्चो शैलीको टावर भएका यो चर्चको निर्माण सन् १२४८ देखि नै सुरू भएको थियो । सन् १४७३ सम्म आइपुग्दा पनि यस डोमको निर्माण पूरा हुन नसकी रोकिन गएको थियो । पछि १९औं शताब्दिमा गएर निर्माण कार्य पुनः सुरू भई सम्पन्न हुन पुग्यो र यो उत्तरी युरोपकै सबैभन्दा ठूलो गोथिक वास्तुशैलीमा बनेको चर्च बन्न पुग्यो ।

यस डोमको टावरको अग्लाई संसारकै दोस्रो ठूलो र गजुरको गोलाई भने मध्यकालीन समयको सबैभन्दा फराकिलो मानिन्छ । यो डोमको निर्माण सुरू हुनुअघि यस ठाउँमा मेरकुरियस आगुस्टुसले बनाएको प्राचीन रोमन मन्दिर थियो भन्ने कथन रहेको छ । पछि चारौं शताब्दिबाट कोलोनको पहिलो विसप माटेरनुसले बनाएको प्राचीन क्याथड्रल पनि यही नै रहेको थियो जुन १२४८ को ठूलो आगलागीमा परी खरानी भएपछि हालको डोम बनाउन सुरू गरिएको रहेछ ।

सन् ११६४ मा कोलोनका आर्कविसप राइनाल्डले पवित्र रोमन सम्राट वारवारोसाले मिलान इटलीको सेन्ट एउस्टोर्जो चर्चबाट ल्याएको तीन राजाहरूले प्रयोग गरेका वस्तुहरू भेट्टाइ सजाउन भनेर नै यस डोमको निर्माणको शुरूवात गरेका रहेछन् र यही वस्तुहरूको ठूलो धार्मिक महत्व भएको कारण नै पछि गएर यो डोम विश्वकै क्रिश्चियनहरूबीच लोकप्रिय हुन पुगेको रहेछ । ६३२ वर्ष लगाई निर्माण सम्पन्न भएको यो डोमको १४ अगष्ट १८८० मा राष्ट्रिय पर्वको रूपमा सम्राट विलियम प्रथमले औपचारिक रूपमा उदघाटन गरेका थिए ।

दोस्रो विश्वयुद्ध ताका यस डोमलाई ध्वस्त गर्न भनेर जर्मनहरूका शत्रु एलाइड फोर्सले १४ वटा बम डोम रहेको क्षेत्रमा खसालेको थियो जस्को कारण डोम नराम्ररी भग्नावशेषमा परिणत हुन गएको रहेछ । दोस्रो युद्धपश्चात नै यसको पुनर्निर्माण सुरू भई सन् १९५६ मा सम्पन्न भए तापनि पुनर्निर्माणको क्रममा कम गुणस्तरीय इँटा प्रयोग भएको कारण यसको मौलिक स्वरूप लोप भएको ठान्दै पछि गएर यी इँटाहरू निकाली मौलिकता कायम गरिएको रहेछ । यस डोमका वरिपरि अग्ला अग्ला आधुनिक भवन निर्माण गर्न दिएको कारण सन् २००६ सम्म यस डोमलाई खतराको सूचीमा रहेको विश्वसम्पदा भनिएको रहेछ । तर जर्मन अधिकारीहरूले डोमको वरिपरिका घरहरूको उचाई नियन्त्रण गर्ने कार्य गरेका रहेछन् । पछि सन् २००७ मा गएर यस डोमका झ्यालहरूबाट साधारण सिसाहरू हटाइ कलापूर्ण रंगिन सिसा राख्ने कार्य गरिएपछि यस डोमको मौलिक सौन्दर्यतामा थप योगदान पुग्न गएको रहेछ । यो डोमका डिजाइन फ्रान्सको आमिएन्स रहेको चर्चको दुरूस्त छ भनिदो रहेछ ।

# प्रसाई ट्रस्टको शिवरात्रिमा रक्तदान



काठमाडौं । महाशिवरात्रि पर्वका अवसरमा प्रसाईं ट्रस्ट कल्याणकारी कोष, उपत्यका समितिले पशुपतिनाथस्थित उमाकुण्डमा खुला रक्तदान कार्यक्रम आयोजना गर्‍यो । कार्यक्रममा ७३ जनाले रक्तदान गरेका थिए । समाज सेवाको क्षेत्रमा सक्रिय रहँदै आएको प्रसाईं ट्रस्टले विगत २० वर्षदेखि रक्तदानको कार्यक्रम गर्दै आएको छ । सुरुका केही वर्ष भृकुटीमण्डपस्थित रक्त सञ्चार केन्द्रमा रक्तदान कार्यक्रम आयोजना गर्ने गरिएकोमा १६ वर्षदेखि निरन्तर रुपमा शिवरात्रिको दिन पशुपति क्षेत्रमा उक्त कार्यक्रम आयोजना गरिँदै आएको छ ।

रक्तदान कार्यक्रममा पहिलोपल्ट रक्तदान गर्नेदेखि ३४ औं पटक गर्नेसम्मको सहभागिता रहेको थियो । महिला रक्तदाताहरुले पनि उत्साहजनक रुपमा रक्तदानमा सहभागिता जनाएका थिए । प्रसाईं ट्रस्ट उपत्यका समितिका अध्यक्ष अर्जुन प्रसाईंले उद्घाटन गरेको रक्तदान कार्यक्रममा वरिष्ठ छाती रोग विशेषज्ञ डा. मोहन प्रसाईंले रक्तदानको महत्वबारे प्रकाश पार्नुभएको थियो ।

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहनु पर्दछ ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# The Struggle of Parashnath for Thalassaemia
# An expert, patient and Consultant

***By RisabGautam***

Parashnath Mishra, aged 37, is a patient of rare thalassaemia disease. He is not only a patient but also an expert of the same disease. He has been working as volunteer for thalassaemia for last 10 years. He has been raising the voice for the treatment, counseling, prevention, necessities and rights of thalassaemic patients. He has been supporting Nepal government to control and formulate policy for this disease. Under Thalassaemia International Federation (TIF), he is volunteering for Nepal. TIF is an international organization working for Thalassaemia disease. Its branches are extended more than to 60 countries. This organization has been doing research on Thalassaemia disease and its solution. Mishra was trained from TIF and became Thalassaemia expert. He is not only counseling for Thalassaemic patients rather supporting them to avoid depression and other related problems which make their life meaningful.



He has been involved for the treatment of Thalassaemic patients in KantiBal Hospital since 2008. As an old patient and Thalassaemia counselor, he took part in many workshops, seminars conducted in different countries in the past.

He was from strong economic background though he lost this position now because of Thalassaemia and other reasons. Now he is struggling for this. In the past, he was fully depending on his family for the treatment but he tried to be independent later. That is still going on. By the support of his family and especially his parents' positive attitude, he helped many thalassaemic patients through Thalassaemia society.

Paras says- In the beginning there was no thalassaemia in the world. 'Especially both mother and father have genes of Thalassaemia traits, minor or carrier, 25 to 50 percent children born as Thalassaemia major, 25 percent carrier and other 25 percent remain normal', he says. Thalassaemia is an inherited blood disorder disease and after six months of this, some symptoms can be appearing in their body. This is a disease of hemoglobin problem. According to him, hemoglobin is a special type of protein.

But this is not complete in itself. This can be complete or full hemoglobin by other special types of silent protein that is the subject of research. But in true in medical science 'Hemoglobin has also two parts, heam and other globin that can damage RBC if it is abnormal and cannot carry out sufficient oxygen' he says. According to him abnormal hemoglobin cannot make our blood red in Thalassaemia disease. Normal people's RBC cells are in concave size but Thalassaemic and other homozygous' disease the cell seems in map poikilocytosis or microcytosisthrought microscope. 'Our blood becomes red because of hemoglobin and this process is called erythropoisis', he says. In Thalassaemic patients, hemoglobin cannot be formed in sufficient amount.

Bone marrow produces RBC which is in the center of the bone. This carries oxygen in every part of our body, carries out carbon dioxide, waistproduct, urea and uric acid and develops human organs and tissues. He says Thalassaemic patients can be treated with different ways. But for all access and easy treatment are blood transfusion, chelation therapy, other medication and balance diets etc.. By understanding the hemoglobin level in the patient's body there is needed blood transfusion. Along with this treatment continues with medications.

This is believed, and scientifically proven that the disease can be seen in malaria prone zone. The gene of the people changed in these areas is called mutation. This brings important changes in the behaviour of RBCs. In these people malaria parasites cannot grow and spread in comparison to others whose genes have not been changed and genetic adjustment or Thalassaemic, Sickle cell, beta patients have more immunity power to fight against malaria than the normal people. A number of healthy people died in malaria affected zone that increased mutation. Cross country migration and cross culture marriage spread Thalassaemia disease in northern Europe and other countries where there was no such disease earlier.

According to him it is very difficult to identify this disease. It has changed the physiology of the people due to genetic, defective and genes change. Its close connection is with bone marrow. After the identification of this disease the treatment process must be specific and particular. If there is any negligence in its treatment, the patient seems abnormal. He /she seems abnormal in physical growth and affect to the reproductive organs.

It causes swelling of lever, excessive amount of iron in patient, problems in heart, lever, joints and plants and stops functioning and lastly the death of the patient. He says that he tries to treat the patients in different ways. He says, 'I am trying my best to save their lives.' He opines that the genes of this disease remain silent for many years. When it becomes active, symptoms can be seen in the patients.

The first symptom is deficiency of haemoglobin. The body seems pale or white. Fever, diarrohea, bloodless lips, pale eyes, obstruction in the growth of body parts, poor appetite, difficulty in breathing, different infections, indigestion, jaundice weaknesses enlarged spleen etc. are the common symptoms. Yellowish urine, changes in facial structure, bleeding from the nose, timidity of the bone, yellowish eyes etc are the major symptoms. He says that there are three types of thalassaemia: Thalassaemia major, minor and intermedia.

Thalassaemia minor are not the thalassaemic patients. But they have genes of this disease. Sometimes there is deficiency of blood in them that can be maintained with food. He says, 'This is not a disease. But unmarried girl and boy must be careful before their marriage.' Both girl and boy should not be the carrier. If both of them are carrier, they must take the advice of consultant or expert. To be prevented from this disease, he suggested for thalassaemia screening and family counseling. He says that he can contribute to the nation if the government makes specific policy to represent the disease. Recently a book named 'About Thalassaemia' is published in Nepali translated version written by Dr Androulla Eleftheriou of Thalassaemia International Federation. Former health minister Girirajmani Pokhrel revealed the book. Paras has key role to bring the translated version of the book in this condition.

# आरम्भको कवितामा प्रेम

आरम्भले प्रणय दिवसको अवसर पारेर भव्य कविगोष्ठी सम्पन्न गरेको छ । आरम्भका अध्यक्ष प्रेम ओली ढकलपुरेको अध्यक्षतामा भएको उक्त कार्यक्रममा प्रमुख अतिथिका रुपमा गजल सम्राट ज्ञानुवाकर पौडेल थिए भने विशेष अतिथिमा प्याब्सनका निवर्तमान अध्यक्ष लक्ष्यबहादुर केसी ,वरिष्ठ साहित्यकारद्वय पुस्कर लोहनी र कलानिधि दाहाल थिए ।

कार्यक्रममा पुन्य आचार्य, वामदेव शर्मा, रामकुमार पन्डित, थरेन्द्र बराल, प्रीतिकौर, कल्पना काफ्ले, लक्ष्मी प्रसाईं, प्रभाकर पाण्डे, निर्मल पराजुली, उर्मिला पन्त पाण्डे, केरा अर्याल, गोपीकृष्ण प्रसाईं, असिम सागर, सीता प्याकुरेल, प्रेम राई परीक्षक, उमेश पाण्डे, कुशुम शर्मा, राजन न्यौपाने, रश्मी रिमाल, अमृता प्याकुरेल, दुर्गा बनबासी, बर्षात ओली, रविन्द्र आशीष शैली, निलम ओली, देवकी तिमिल्सिना, ओजस्बी गौतम, लीलाधर पाण्डे, मुकुन्द न्यौपाने, विजय विश्वास, नरनारायण बत्स, हेमन्त शिशिर, भुवन शिवाकोटी चौघरे, निराजन तिमिल्सिना, तारा केसी, चन्द्रा न्यौपाने, लालकाजी श्रेष्ठ, टेकबहादुर कोइराला, द्वारिका कुइँकेल, बाबा बस्नेत, गोपाल नेपाल, मन्जुश्री प्रधान, विमला दहाल, बेट्टी बज्राचार्य लगायत तीन दर्जन सर्जकहरुले आफ्ना सिर्जना प्रस्तुत गरेका थिए भने संस्थाका संस्थापक सदस्य रघुनाथ अधिकारीले कार्यक्रम प्रस्तुत गरेका थिए ।







कथा

■ लक्ष्मी उप्रेती

# जीवनका दश दिन

घर अगाडिको आँपको हाँगामा बसेर आज बिहान काग करायो । काँ..काँ..काँ. .,काँ....काँ....काँ...., काँ ।

त्यो काग घरतिर फर्कंदै तीन प्रकारको लेघ्रो तानेर तीन पटक एकोहोरो कराएर त्यहाँबाट फुत्त उडेर गयो । सधैँझैँ काग कराउँदा झर्को लागेन आज मलाई बरु यी आवाजसँगै जीवनमा बितेका मेरा दश दिन सरर्र सम्झनामा आए ।

तीनवर्ष बितिसकेछ मौनताका साथ बिताएको दशदिने ध्यान शिविर । मौन वातावरणमा पनि शिविर छेउको घना जङ्गललाई छिचोलेर आएको चराचुरुंगीहरूको चिरबिरको कलरव । साँझमा कानै खाने झ्याउँकीरीको ठिटलाग्दो चर्को स्वर । शिविरभित्रका थुप्रै खाले तुलफूलले सजिएको बान्की मिलेको सानो बगैंचा । बगैंचाभित्र आँपको बोटमा बसेर हरेक दिन झर्को लाग्ने गरी कराउने कागको यस्तै आवाज । जीवनको अर्थ खोज्न गएका मजस्तै अन्य सहभागीहरूको धमिलो सम्झना र गम्भीर स्वभावकी शालीन जेनीसँग गाँसिएको अनौठो सम्बन्धका मीठा स्मृतिहरू ।

हो, जेनीलाई मैले बिर्सनै सकिनँ । जीवनका मोडमा ऊजस्ता कति साथीहरू भेटिन्छन्, छुटिन्छन्, तर समयको गतिसँगै उनीहरूको सम्झना बिस्तारै-बिस्तारै धमिलिँदै निखन्छ । जेनी भने मेरो मनको एउटा कुनामा कहिले ननिखने माया बनेर टाँसिएकी छे ।

............

आज शनिवार भएकाले एकछिनका लागि सबै काम छोडेर चिया लिएर कुर्सीमा बसेँ तीन वर्ष अगाडिको कुरा अधुरै छाडेर छुटेकी जेनीलाई सम्झनाका तरंगमा छचल्काउँदै । ऊ स्पेनकी नागरिक रहिछ । ध्यान शिविरको अन्तिम दिन उसले भनेकी थिई । उसले उमेर भन्न मानिन, तर मेरो अन्दाजमा त ऊ लगभग तीस वर्षकी हुँदी हो ।

मानिसहरू जुन देश र जुन भाषा बोल्ने हुन्, तर मनको भाषा एउटै हुँदो रहेछ । जेनीसँगको छोटो भेटमा मैले त्यस्तो अनुभव गरेँ । शिविर प्रवेशसँग मेरो दृष्टि जेनीतिर पऱ्यो । स्वंयसेविकाको रूपमा शिविर परिसरमा रहेको बगैंचाको एउटा कुनामा हामीलाई स्वागत गर्न मृदुल मुस्कानमा उजेलिँदै शालीनताकासाथ जेनी उभिएकी थिई । यसबेला सम्झनामा बग्दै छ, त्यही समय त्यही परिवेशमा उसको चित्र आँखामा टाँगिँदै ।

तीन महिना अगाडि स्पेनबाट ट्रेकिङका लागि आउने एउटा टोलीमा सहभागी भएर जेनी पनि भारत हुँदै पहिलो पटक नेपाल आएकी रहिछ । एक महिना अगाडि उससँग आएका साथीहरू स्पेन फर्किएछन्, तर जेनीलाई केही दिन नेपाल बस्न मन लागेछ र फर्किनछ । आफ्ना साथीहरूलाई सरक्क बिदा गरेपछि जेनी ध्यान गर्नका लागि शिवपुरीको फेदमा भएको विपश्यनामा पुगिछ । विपश्यनामा दशदिने शिक्षा गम्भीरता र अनुशासनका साथ धारण गरिछ । त्यसपछि केही दिनका लागि उसलाई त्यहीँ बसेर सेवा गर्ने इच्छा पलाएछ । अनि हाम्रो टोलीका सहभागीहरूको सेवाका लागि धर्म सेविकाका रूपमा नियुक्त भइछ ।

शिविर प्रवेशको पहिलो हेराइमै मैले जेनीलाई साँच्चीकै धर्म सेविकाको रूपमा पाएँ । उसप्रतिको आकर्षणले मलाई लोभ्याइरह्यो । उससँग बोलौँ-बोलौँ लागिरहन्थ्यो, तर आर्य मौनको पालन गर्नुपर्ने भएकाले बोलिएन ।

कुनै कुनै बेला उसका आँखा जब मेरा आँखासँग जुद्थे, तब ऊ मुसुक्क मुस्कुराउँदै अर्कातिर फर्कन्थी । त्यस क्षण उसको निश्चल र निर्मल दृष्टिमा पीडाको गहिरो सागर टलपलाउँथ्यो ।

तेस्रो दिन खाना खाइसकेर फर्कंदा उसलाई शिविरको बगैँचामा एक्लै देखो । मन थाम्न नसकेर सोध्न खोजेँ । तर ऊ मेरो अनुहार नहेरी फरक्क फर्केर अघि बढी । मैले सोचेँ यो त विपश्यनाको कठोर र शिष्ट नियम हो । त्यही दिन दिउँसोदेखि जेनीलाई धम्महलभित्र पस्ने प्यासेजमा साधनाको समयभन्दा पहिले नै र साधना सकिएर सबै निस्किसक्दा पनि पूर्णरूपमा समर्पित भएर कठोर ध्यानमा बसेको देखेँ । बाहिर निस्कादा टक्क अडिएर उसलाई हेरेँ । कतिपटक त्यस अवस्थामा उसका आँखाबाट आँसु बगेको हुन्थ्यो । किन हो किन, उसको यस्तो अवस्था देखेर मलाई नरमाइलो लाग्थ्यो । सबै साधकहरू त्यहाँबाट निस्किसकेर जब हल शून्य हुन्थ्यो, तब मात्र जेनी त्यहाँबाट उठ्थी र अरू कोही नभएको ठाउँमा गएर एक्लै टोलाउँदथी ।

उसको यस्तो स्वभावले गर्दा, सबैले अन्दाज लगाउँदै स्वंयसेविकाहरूको आँखा छलेर साउती गर्थे । यो विदेशी केटीले मायामा धोका पाएर होला यस्ती नीरंस र विचलित हुन्छे विचरी चँ....चँ.....चँ भन्दै सहानुभूति प्रकट गर्थे ।

............

व्यवस्थित रूपमा सञ्चालित भएको त्यो शिविर हरेक देशका मानिसहरूका लागि आकर्षणको केन्द्रबिन्दु रहेछ । वृद्धवृद्धाहरूका साथै पन्ध्रवर्षदेखि चालिससम्मका युवापुस्ताका केटाकेटीहरू प्रशस्त सहभागी हुने शिविरको नियम पनि कडासँग पालना गर्नुपर्ने । जीवनोपयोगी शिविरको व्यवस्थापनमा महिलाहरूका लागि महिला नै र पुरुषहरूका लागि पुरुष नै स्वयम्सेवक रहेछन् । शिविरमा साधनाका लागि धम्महल एउटै भए तापनि हलको ढोका फरक फरक, बाटो पनि फरक, बगैँचा फरक, भान्छा, विश्रामगृह फरक पारेर सुविधायुक्त बनाएको छ । महिला र पुरुषको क्षेत्र छुट्टयाउन सजिलो पार्नका लागि महिला क्षेत्र र पुरुष क्षेत्र लेखिएका प्लेटहरू ठाउँ ठाउँमा टाँसेका छन् । हरेक दिन उपयोगी फरक वाणीहरू लेखिएका बोर्डहरू धम्महलको दुवैतिरको ढोका बाहिर राखिएका हुन्थे । हरेक बोर्डको अन्तमा सबैको मङ्गल होस् भन्ने कामना लेखिएको हुन्थ्यो । शिविर परिसर एउटै कम्पाउन्डभित्र भए तापनि साधनाका लागि निर्धारित दश दिनसम्म महिला र पुरुष साधकहरूको भेट हुन सक्तैनथ्यो ।

सुविधायुक्त धम्महल, भान्छाघर र विश्रामगृहको माझमा स्नानगृह र ल्याट्रेनका कोठाहरू गोलाकारमा लस्करै भएकाले कसैले कुर्नु पर्दैनथ्यो । हरेक दिन शिविरको नियम अनुसारका दैनिकी अनुशासनले पालना गर्नुपर्थ्यो । बिहान ४ बजे टङग.....टङ्ग......टङ्गको मृदुल धुन आठ नौ पटकसम्म बज्दथ्यो । घण्टीको आवाजसँगै सबै साधकहरू जुरुक्क उठेर फ्रेस हुनतिर लाग्दथे । ४.३० सम्ममा सबैले हलभित्र आआफ्नो आसनमा नै बसेर मौन तरिकाले ध्यानमग्न हुनुपर्दथ्यो ।

६.३० मा चियानास्ताको लागि त्यसरी नै घण्टी बज्दथ्यो । बिहान सधैँ भिन्नाभिन्नै परिकारका नास्ता, दूध वा चिया पेटभरि खाएर ८ बजेसम्म विश्रामको समय निर्धारित क्षेत्रमा घुमफिर गर्ने, नुहाउने, लुगा धुने वा विश्राम गर्ने आआफ्नो इच्छाले बिताउँथे । ८ बज्नुभन्दा १० मिनेट अगाडि घण्टीको ध्वनिसँगै साधकहरू फेरि सलबलाउँदै साधनाका लागि हतारहतार धम्महल जान्थे र ११ बजेको घण्टीको आवाजपछि लाइनबद्ध भएर खाना खान भान्छामा जान्थे । त्यहाँ बसुन्जेल भिन्नाभिन्नै स्वादको मीठो खाना खाएपछि आफूले खाएका थालकचौरा आफैँ माझ्नु पर्दथ्यो । अनि १ बजेसम्म विश्रामको समयमा चुपचापसँग आआफ्नै सुरमा भइन्थ्यो ।

फेरि १ बजे गुन्जिएको घण्टीको आवाजसँगै धम्महलभित्र पुग्नका लागि सलबल गर्दै ओहोरदोहोरको भीड हुन्थ्यो । १ बजे देखि ५ बजेसम्म धम्महलभित्र सामूहिक रूपमा ध्यानमा बस्दाबस्दै घण्टी लागेपछि रातिको खानाको लागि भान्छामा हल्का फलफूल, दूध, चिया तथा कागती पानी र एक कचौरा मुरै खाएर निस्किएपछि बगैँचाको वारपार सबैको अनौठो चहलपहल हुन्थ्यो ।

धम्महल बाहिरै ढुंगा ओछ्याएको सानो बान्की परेको लामो आँगन, आँगनको मास्तिरपट्टिको छेउमा भएको ज्याकन्डा फूलको रूखबाट छरिएको बैजनी फूलको बिस्कुन । तल्लो र मास्तिर गरामा दुबोले भरिएको हरियो चौरे आँगन । चौरे आँगनका ठाउँठाउँमा कागती, दारिम, आरुबखडा र आँपका साथै अन्य फलफूलका बोटहरू र मनै लोभ्याउने गरी झपक्क फुलेका गुलाफ । बाटाको छेउमै पानी पिउनका लागि राखेका पानीका भाँडा र गिलासहरू त्यसको नजिकै चटक्क परेको सानो पोखरी । साँझको खाना खाएर ६ बजे अघिसम्मको समयमा प्रायः यही बगैँचा वरिपरि सबै साधकहरूको अनेकौँ कियाकलापहरू हेर्दाहेर्दै छुट्टै संसारमा पुगेको जस्तो अनुभव गर्थे । कोही आँगनको पेटीमा सुविधा अनुसार ढल्कने, सुत्ने, बस्ने, कोही अनेक प्रकारको व्यायम गर्ने, कोही ढिलो छिटो गरेर हिँड्दै आफ्नो सुरमा मस्तसँग ओहोरदोहोर गर्दै आफूलाई खुसी राख्ने प्रयत्न गर्थे । यस्तो देख्दा मलाई चलचित्रमा देखेको मानसिक अस्पतालका रोगीहरूको दृश्य झझल्कन्थ्यो ।

*क्रमशः*

# के बंगाल एक स्वतन्त्र राष्ट्र हुन सक्छ ?

**सुधा कार्ले**




हत्या गरिएका बंगलादेशका राष्ट्रपिता शेख मुजीव रहमान




युनाइटेड बंगाल



मिर कासिमको सेनासँग गोर्खाली सैनिकको मुठभेड



नोबेल पुरस्कार विजेता
हिन्दु बंगाली रवीन्द्रनाथ ठाकुर



नोबेल पुरस्कार विजेता
मुस्लिम बंगाली तसलिमा नसरिन

संयुक्त बंगाल वा ग्रेटर बंगलादेश दक्षिण एसियाका बंगाली भाषा बोल्नेहरुको एउटै देश हुनु पर्दछ भन्ने सोचाइ हो । सन् १९०५ मा बंगालीहरुको विभाजन भएपछि राष्ट्रवादी बंगालीहरुले यो विचारधाराको विकास गरेका थिए । भारत अंग्रेजको उपनिवेश हुँदा बंगाललाई विभाजन गरी पश्चिम बंगाल, पूर्वी बंगाल र आसाम कायम गरिएको थियो । यो गर्नुको उद्देश्य बंगालको स्वतन्त्रताको आन्दोलनलाई कमजोर गर्नु थियो । त्यसो हुँदाहुँदै पनि सन् १९११ मा बंगालको एकिकरण भएको थियो ।

स्वतन्त्र संयुक्त बंगालको प्रस्ताव बंगाली प्रधानमन्त्री हुसैन सइद र राष्ट्रवादी नेता शरतचन्द्र वोसले गरेका थिए । यो प्रस्ताव बंगाललाई विभाजन गर्न हुँदैन भन्ने मान्यतालाई स्थापित गर्न अघि सारिएको थियो । तर अंग्रेजको फुटाउ र शासन गर भन्ने सिद्धान्तको कारण स्वतन्त्र बंगालको यो प्रस्ताव कामयावी हुन सकेन । झन् त्यसमाथि बंगाली हिन्दु र बंगाली मुस्लिमको धार्मिक कट्टरताको कारणले गर्दा पनि बंगाली राष्ट्रवाद अहिले पनि विभाजित नै रहेको छ ।

अंग्रेजहरु भारत आउनु अगाडि बंगाल ऐतिहासिक कालदेखि नै नवावद्वारा शासित अधिराज्य थियो । यस देशभित्र अहिलेको बंगालदेश र भारतको हालको पश्चिम बंगाल राज्य पर्दथ्यो । यी बंगालीहरु ब्रम्हपुत्र नदीको किनारमा आफ्नो सभ्यताको विकास गर्दै आएका हुन् भनेर प्राचीन ग्रीक र रोमनहरुले उल्लेख गरेको ऐतिहासिक तथ्यहरु अहिले पनि जीवितै छन् । भारतीय उपमहाद्विपको इतिहासभित्र बंगालले प्राचीन र मध्यकालमा आफ्नो छुट्टै स्वतन्त्र अस्तित्व र पहिचान शानदार ढंगबाट निर्वाह गर्दै आएको भारत वर्षको इतिहासमा उल्लेख छ । प्राचीन बंगालको पर्सिया (हालको इरान) र अन्य अरवी देशहरुसँग निकै बलियो सुती कपडाको व्यापारिक सम्बन्ध रहेको थियो । यिनीहरुको आफ्नै भाषा, लिपी, साहित्य संगीत, कला र वास्तुकला थिए र १३ औं शताब्दितिर आएपछि बंगाललाई मुस्लिम सुल्तान र हिन्दु राजाहरुले विभाजित रुपमा शासन गरेका थिए ।

१६औं र १७ औं शताब्दिको मुगल साम्राज्यको पालामा बंगाल दक्षिण एसियाको धनी राष्ट्रहरुको कोटीमा पर्दथ्यो । मुगल साम्राज्यको पतनसँगै बंगाल स्वतन्त्र भई नवावहरुले शासन गर्न थाले । जुनबेला अंग्रेजहरु भारत पसे त्यतिखेर बंगालका नवाव शिराज उद्यौला थिए । त्यतिखेर फ्रेन्चहरुको सहयोगमा यिनी अंग्रेजमाथि जाइलागे किनकी भारतलाई कसले उपनिवेश बनाउने भन्ने कुरामा अंग्रेज, फ्रेन्च र पोर्तुगिज बीचमा प्रतिस्पर्धा थियो । अंग्रेज कमाण्डर रोवर्ट क्लिभले मार्च १७५७ मा चन्द्रनगर कब्जा गरे र त्यही वर्ष २३ जुनमा भएको प्लासीको युद्धमा अंग्रेजहरुले बंगाली नवावको फौजलाई हराए । त्यस युद्धमा हार्नुको कारण नवावका साख्य ज्वाइँ सैनिक कमाण्डर मीरजाफर अंग्रेजसँग मिल्न पुगेका थिए । त्यसैले युद्धपश्चात् यिनै मीरजाफरलाई अंग्रेजले बंगालका नवाव बनाए र आफूले लिनुपर्ने सबै व्यापारिक सुविधाहरु उनीमार्फत अंग्रेजले लिए र आफ्नो उपस्थितिलाई भारतमा दह्रो बनाए । आफूले बनाएको नवाव त हो नि भन्दै अंग्रेजहरुले नवाव मीर जाफरसँग सुविधामाथि सुविधा माग गर्न थाले जस्लाई मीर जाफरले पूरा गर्न नसकेपछि अंग्रेजहरुले उनलाई गद्दीच्यूत गरी उनकै छोरी ज्वाईं मीर कासिमलाई बंगालको नवाव बनाए ।

यिनी मीरकासिम नवाव हुँदा पृथ्वीनारायण शाह धमाधम नेपालको एकिकरण गर्दै थिए । उनलाई मकवानपुर सकेसम्म चाँडो जित्नु थियो । मकवानपुरलाई कुटनीतिक ढंगबाट नेपालमा गाभ्ने विचारले यिनले मकवानपुरका राजाको छोरीसँग विवाह पनि गरेका थिए । तर विवाहको कुटनीतिले काम नगरेपछि अन्ततः पृथ्वीनारायणले मकवानपुरमाथि आक्रमण गरे । आफैं एक्लैले गोरखाली सैन्यको मुठभेड गर्न नसक्ने देखेपछि मकवानपुरका राजाले यिनै बंगाली नवाव मीर कासिमसँग सहयोगको याचना गरे । मीर कासिमले गुरगीन खाँको नेतृत्वमा २५०० बंगाली सेना मकवानपुर पठाइदिए । २० जनवरी १७६३ मा भएको लडाइँमा काजी वंशीराज पाण्डेको नेतृत्वमा रहेको गोरखाली फौजले बंगाली फौजलाई परास्तमात्रै गरेन आमरुप यिनीहरुका हतियार खोस्न सफल पनि भएको थियो । नेपालको एकिकरणको चरण भएको यो पहिलो अन्तर्राष्ट्रिय लडाइँ थियो जस्मा गोर्खाली फौजले विजय हासिल गरेका थिए । यो विजयसँगै मकवानपुर पनि नेपालभित्र गाभिन पुग्यो भने नेपाली सेना आधुनिक हातहतियारले सुसज्जित हुन पुग्यो ।

ससुरा मीरजाफरलाई हटाइ अंग्रेजको सहयोगमा नवाव बनेका मीर कासिमको कालान्तरमा अंग्रेजसँग विवाद चुलियो जस्को फलस्वरुप मीर कासिम र अंग्रेज फौजबीच सन् १७६५मा बक्सरमा युद्ध हुन पुग्यो । यस लडाइँमा मीर कासिमको हार भएपछि सिंगै बंगाललाई आफ्नो कब्जामा लिई इष्टइन्डिया कम्पनीको नामबाट अंग्रेजले त्यहाँ आफ्नो औपनिवेशिक शासनको शुरुवात गर्‍यो । त्यतिखेर नै बेलायतमा औद्योगिक क्रान्ति हुन पुग्यो, ठूला ठूला सुती कपडाको कारखाना बेलायतमा स्थापना भए जस्को लागि आवश्यक कच्चा पदार्थ सुती धागो बंगालबाट बेलायत निर्यात हुन थाल्यो । इस्ट इन्डिया कम्पनीको राजधानी कलकत्ता बन्यो । औपनिवेशिक शासन अन्तर्गत रहेर बंगालले शिक्षा, साहित्य, कला अनि उद्योगमा राम्रै विकास गर्‍यो । तर सन् १९४७ मा अंग्रेजहरुबाट भारत मुक्त भएपछि हिन्दु बंगाली बहुसंख्यक रहेको पश्चिम बंगाल भारतमा र मुस्लिम बंगाली बहुसंख्यक रहेको पूर्वी बंगाल पाकिस्तानमा पर्न गई यस्को नाम पूर्वी पाकिस्तान रह्यो । यही पूर्वी पाकिस्तानलाई सन् ७० को दशकमा भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीले युद्ध गरी पाकिस्तानलाई हराई स्वतन्त्र राष्ट्र बंगालदेश बनाइन् । यसप्रकार मुस्लिम बंगालीहरुको एक स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र राष्ट्र बन्यो तर पश्चिम बंगालका हिन्दु बंगालीहरु भने अहिले पनि भारतीय शासन अन्तर्गत रहेका छन् ।

भारतको सहयोगमा बंगालदेश स्वतन्त्र हुँदाको बखत सुरु भएको बंगलादेशबाट बंगाली हिन्दुहरुलाई लखेटने काम अहिले पनि जारी छ । बंगाली हिन्दुमाथि बंगाली मुस्लिमहरुको ज्यादती र उत्पीडनको बारेमा लेखिएको तसलिमा नसरिनको उपन्यास लज्जाले नोबेल शान्ति पुरस्कार पायो । एक मुस्लिम महिलाले हिन्दु बंगालीको पक्षमा लेख्नुलाई कट्टर मुस्लिम बंगालीहरुले अपराध मानेको कारण नसरिन आफ्नो ज्यान जोगाउन मातृभूमि छोडी विदेशमा शरण लिन बाध्य भइन् । यद्यपि भारतको सहयोगमा बंगालदेश स्वतन्त्र भए तापनि बंगालदेशका राष्ट्रपिता मानिएका शेख मुजीव रहमानको भारतपरस्त ब्यवहारको कारण हत्या हुन पुग्यो । बंगालीहरुमा राष्ट्रवादभन्दा पनि ठूलो धार्मिक कट्टरपना भएको कारण सिंगै बंगाल एक राष्ट्र हुन नसकी विभाजित अवस्थामा रहेको छ । हुन त इन्दिरा गान्धीले बंगालदेशलाई स्वतन्त्र बनाउँदा कालान्तरमा भारतमै गाभ्ने यिनको नीति थियो जुन शेख मुजिवको हत्याको कारण सफल हुन सकेन ।

अब प्रश्न उठछ के सिंगो बंगाल एक स्वतन्त्र राष्ट्र हुन सक्छ ? अवश्य हुन सक्छ । जसरी सोभियत संघसँग सैनिक सम्झौता गरेको जगमा उभिएर इन्दिरा गान्धीले पाकिस्तानलाई विखण्डन गरी बंगालदेश बनाइन् त्यसै गरी चीनसँग सम्बन्ध मजबुत गर्दै बंगालदेशले भारतको अधिनबाट पश्चिम बंगाललाई मुक्ति गरी लिनुपर्दछ तर त्यस्को लागि हरेक बंगालीले आफूहरु हिन्दु मुस्लिमभन्दा पनि पहिले बंगाली हौं भन्ने कुरामा गर्व गर्न पर्दछ ।

नोवेल पुरस्कार विजेता हिन्दु बंगाली रविन्द्रनाथ ठाकुर र मुस्लिम बंगाली तसलिमा नसरिनप्रति हरेक बंगालीले गौरव गर्न सक्नु पर्दछ अनि त्यसले मात्र एकिकृत बंगाली राष्ट्रवादको पुनरुत्थान र विकास गर्न सक्छ अनि यसरी नै दक्षिण एसियामा रहेको भारतीय दादागिरीको अन्त्य गर्न मद्दत पुग्छ । अब जय भारत होइन जय बंगालको मन्त्र हरेक बंगालीको मन र मुटुमा हुनु पर्दछ । असम्भव भन्ने आजको विश्वमा केही पनि छैन । सिंगो बंगाल स्वतन्त्र हुँदा हाल भारतीय बंगालको औपनिवेशिक शासनमा रहेको ग्रेटर नेपालको टिस्टा प्रदेशले पनि उन्मुक्ति पाई दक्षिण एसिया पनि औपनिवेशिक शासनमुक्त क्षेत्र बन्दछ ।

## रोचक संसार

### आँखामा १४ किरा

झिँगाले ब्याक्टेरिया तथा भाइरसलगायतका जिवाणुहरु सार्ने तथ्य त विदितै छ । तर झिँगाले घातक परजीवीहरु पनि मानिसमा सार्ने तथ्य वैज्ञानिकहरुले पहिलोपटक पत्ता लगाएका छन् । अमेरिकाको ओरेगनमा एक २६ वर्षीया महिलाको आँखाबाट १४ वटा किरा निकालेसँगै शोधकर्ताहले यस्तो निष्कर्ष निकालेका हुन् । एब्वी बेक्ली नामक महिलाको आँखाबाट नयाँ खालका किरा वैज्ञानिकहरुले निकालेका थिए । थेलाजिया गुलोसा प्रजातिका उक्त परजिवी किराहरु यसअघि अमेरिका तथा क्यानडामा गाइवस्तुमा देखिने गरेको थियो । एब्वी नै यस्तो किरा आँखामा फेला पारिएकी पहिलो मानव हुन् । जनावरको आँखा वरीपरी झुम्मिएर आँखाबाट निस्कने आँशु खाने फेस फ्लाइज नामक झिँगाले उक्त परजिवी सार्ने गर्दछ ।

### अल्पविराम छुट्दा जरिवाना

एउटा कमा अर्थात् अल्पविराम लेख्न भुल्दा कति महंगो सावित हुन्छ भन्ने कुराको प्रमाण हालै अमेरिकामा फेला परेको छ । अमेरिकाको एक डेरी उद्योगले कमा लेख्न छुटाउँदा ५० लाख डलर जरिवाना तिर्नुपरेको छ । ओकहर्स्ट डेरीमा काम गर्ने गाडी चालक मजदूर हरुले कम्पनीविरुद्ध सन् २०१४ मा मुद्दा दायर गरी अतिरिक्त समयमा काम गरेबापतको १ करोड डलर माग गरेका थिए । अमेरिकाको पोर्टल्याण्डमा रहेको यो डेरीले कामदारसँगको सम्झौतामा दुई शव्दबीचमा अल्पविराम छुट्दा क्षतिपूर्ति बापत ठूलो रकम भुक्तान गर्नुपरेको हो । अदालतको आदेशपछि अदालतले मजदुरको अतिरिक्त समय भत्ताको कानून अनुसार ती मजदूरको मुद्दा संघीय पुनरावेदन अदालतले दर्ता गर्‍यो । करार सम्झौताको सोही विरोधाभाषका कारण फैसला मजदूर हरुको पक्षमा गएको अमेरिकाको संघीय पुनरावेदन अदालतले जनाएको छ ।

### अन्तरिक्षमै ब्याडमिन्टन

हालै अन्तरीक्षमा ब्याडमिन्टन खेल भएको छ । जसमा भाग लिने खेलाडीहरुले हावामा उडेर ब्याडमिन्टन खेलेको भिडियो सोसल मिडियामा चर्चित बनेको छ । अन्तरीक्षमा पहिलोपटक स्पेस ब्याडमिन्टन प्रतियोगिताको आयोजना भएको छ । अन्तरीक्षको शून्य गुरुत्वाकर्षणमा खेलिएको उक्त म्याचमा ४ जना अन्तरीक्षयात्रीले ब्याडमिन्टनको डबल्स म्याच खेले । ब्याडमिन्टन खेल्नेमा अमेरिका, रुस र जापानका अन्तरीक्षयात्री सहभागी थिए । ३ सय ६० डिग्रीको अद्भुत माहोलमा खेल खेलियो । ब्याडमिन्टन खेल खेल्नेमा नासाका जोसेफ अकासा, जापानी स्पेस एजेन्सीका नारिशिंगे कनाई, तथा रुसी स्पेस एजेन्सीका अलेक्जेन्डर मिसुरकिन र एन्टन शकाप्लेरोभ थिए । गत जनवरी १ मा उक्त खेल भएको थियो ।

### एसियाकै धनी गाउँ

गाउँका सबै मानिस करोडपति भएपछि त्यो गाउँ एसियाकै धनी गाउँ नहुने कुरै भएन । यस्तो गाउँ छिमेकी मुलुक भारतमा छ । भारतको अरुणाचल प्रदेशको तवांग जिल्लामा रहेको बोमजा गाउँ एसियाको सबैभन्दा धनी गाउँ बनेको छ । भारतीय सेनाले उक्त गाउँमा सैन्य अड्डा स्थापना गर्ने योजना बनाएको छ । सोही योजना मुताविक गाउँका हरेक परिवारहरुलाई मुआब्जा स्वरुप एक-एक करोड भारु भन्दा धेरै रकम प्रदान गरेको छ । गाउँका ३१ घरधुरीलाई सरकारले ४० करोड ८० लाख भारु मुआब्जा बाँडेको छ र सेनाले २२ एक्कड जमिन खरीद गरेको छ । २९ परिवारलाई प्रति परिवार १ करोड ९ लाख भारु र अरु दुई परिवारमध्ये एकलाई २ करोड ४० लाख र अर्कोलाई ६ करोड ७० लाख मुआब्जा वितरण गरिएको छ ।

### सबै युवतीहरू कुमारी

यो दुनियाँमा यस्तो गाउँ पनि छ, जहाँ केटीहरुलाई कुनै केटा पाउन मुस्किल छ र बिहे नगरीकनै जोवन बितिरहेको छ । जीवन साथी पाउने आशमा युवतीहरुले दिन गुजार्न र पाको उमेरसम्म पनि कुमारी नै बस्न बाध्य छन् त्यो गाउँका युवतीहरु । ब्राजिलको एक गाउँको अवस्था यस्तो छ । झण्डै ६ सय महिलाको जनसंख्या रहेको यो गाउँमा ३ सय भन्दा धेरै युवतीहरुको बिहे गर्न बाँकी छ र उनीहरुलाई बिहे गर्नका लागि केटा फेला परेको छैन । बिहे नगरीकनै बस्न बाध्य ती युवतीहरुको उमेर १८ देखि ३० वर्षसम्मको रहेको छ । समाचार अनुसार यो गाउँमा अविवाहित पुरुष भेटाउनु भनेको परालमा सियो खोज्नु जस्ते हो । सोही कारण केही युवतीहरु विवाहित पुरुषसँग बिहे गर्न र सौता बनेर भित्रिन बाध्य छन् । यो गाउँ विगत एक सय वर्षदेखि बाहिरी संसारबाट अलग्गै रहेको छ । यहाँका युवतीहरु बिहे गर्न त चाहन्छन् तर गाउँभित्र मात्रै । बिहे गरेर गाउँ बाहिर पठाउने चलन यहाँ छैन । गाउँ भन्दा बाहिरको कुनै पनि केटासँग यहाँका युवतीले बिहे गर्न चाहँदैनन् र बिहे गरिहालेमा पनि केटाले आफ्नो गाउँ छाडेर सोही गाउँमा भित्रिनुपर्दछ । यो मातृसत्तात्मक गाउँको रुपमा रहेको छ ।

### पुरुष भए सुन्दरी

२२ वर्षका एक फेसन मोडेल कजाकिस्तानमा भएको मिस भर्चुअल कजाकिस्तान नामक सुन्दरी प्रतियोगिताको फाइनल राउन्डमा पुगे । वास्तविक नाम इले डियागिलेभ भएका अरिया अलियेवा मिस भर्चुअल कजाकिस्तानका लागि भैरहेको अनलाइन प्रतियोगिताको फाइनलमा पुगेका हुन् । उनको तस्वीरमा अनलाइनमार्फत् २ हजार भन्दा धेरै भोट प्राप्त भयो ।

तत्पश्चात उनलाई मिस भर्चुअल शमकन्द घोषणा गरियो । शमकन्द दक्षिणी कजाकिस्तानको एक प्रान्त हो । तर विडम्बना । अलियेवाको त्यो खुसी धेरैबेर टिकेन । किनकी आयोजकले आफ्नोबारेमा गलत जानकारी दिएको भन्दै उनलाई अयोग्य घोषित गरे । उनी अयोग्य भएसँगै मिस शमकन्दको उपाधि इकेरिम तमिरखानोभालाई दिइएको छ र उनैले राष्ट्रिय प्रतियोगिताको फाइनलमा भिड्नेछिन् । उनलाई १९ सय ७५ भोट प्राप्त भएको थियो । क्षेत्रीय उपाधि जित्दै राष्ट्रिय प्रतियोगिताको फाइनलमा पुगेको दुई दिनपछि इले डियागिलेभले आफु महिला नभएको र अरिना अलियेभा आफ्नो नाम नभएर आफ्नो टिमको परियोजना भएको खुलासा गरेका थिए ।

### मानव अण्डा

वैज्ञानिकहरुले प्रयोगशालामा मानव अण्डा बनाएको दाबी गरेका छन् । एडिनबर्ग विश्वविद्यालयका वैज्ञानिकहरुले ल्याबमा मानिसको अण्डा विकसित गरेको दाबी गरेका हुन् । सामान्य रुपमा हरेक महिलाले आफु जन्मिँदा नै १० देखि २० लाखसम्म अविकशित डिम्बहरु अण्डासयमा लिएर जन्मिएका हुन्छन् । किशोरावस्थामा पुगेपछि यी डिम्बहरु हरेक महिना एक एक गरी विकशित हुन्5न् र मासिक चक्र सुरु हुन्छ । वैज्ञानिकको यो सफलतासँगै यी अविकसित अण्डाहरुलाई मानिसको सरीर बाहिर ल्याबमा विकसित गर्न सकिनेछ । वैज्ञानिकका अनुसार यो प्रविधि ती महिला तथा बालिकाहरुको लागि आफ्नो डिम्ब बचाउन वरदान सावित हुनसक्छ, जसको क्यान्सरको उपचार चलिरहेको हुन्छ । यद्यपि यो प्रविधिको आम रुपमा प्रयोग गर्नुअघि यसमाथि प्रसस्तै काम गर्न बाँकी छ । यी अण्डालाई ल्याबमा विकशित गर्नका लागि निकै होसियारी आवश्यकता पर्दछ । यसका लागि अक्सिजन र हर्मोनका अलावा प्रोटिन पनि आवश्यक पर्दछ ।

### हवाईजहाजभित्र नांगै भएर तमासा

अमेरिकाको सिएटलबाट एंकोरेजका लागि उडेको एउटा जहाज पुनः एंकोरेज विमानस्थलमै फिर्ता हुन बाध्य भएको छ । मध्य आकाशमा उडिरहेको अलास्का एयरलाइन्सको जहाजभित्र एकजना यात्रुले नांगिएर तमासा गरेपछि जहाजलाई उडान भरेकै विमानस्थलमा फिर्ता गर्नुपरेको हो ।

समाचार अनुसार जहाजभित्र रहेको एकजना यात्रु जहाजको बाथरुममा छिरेर जिउका सबै कपडा फुकालेर तमासा गर्न थालेका थिए । एयर होस्टेजहरुले ती यात्रुलाई कपडा लगाएर आफ्नो सिटमा गएर बस्नका लागि बारम्बार आग्रह गरेपनि उनले अस्विकार गरी नांगै उफ्रिन थाले । त्यसपछि जहाजको पाइलटलाई उक्त परिस्थितिको जानकारी गराइयो । पाइलटले उक्त घटनापछि जहाजलाई सिएटल लग्नुको साटो फर्काएर एंकोरेज ल्याउनु नै छिटो हुने ठानी जहाज मोडे । रातको तीन बजे जहाज एंकोरेज विमानस्थलमा फिर्ता भएर अवतरण गर्‍यो । जहाज अवतरण भएपछि पुलिसले जहाजभित्रबाट उक्त व्यक्तिलाई बाहिर निकाल्यो । ती मानिसलाई बाहिर निकालेपछि साढे ६ बजे पाइलटले जहाजलाई पुनः सिएटल तर्फ उडाएका थिए ।

### नोटका गड्डी तौलेर बिक्री

सोमालील्याण्डमा यस्तो पैसाको हाटबजार लाग्दछ । सोमालील्याण्डको सडकमा नोटका बण्डलहरु किलोको भाउमा बेचिन्छ । सन् १९९१ मा गृहयुद्ध भएपशचात सोमालियबाट अलग घोषणा गरेको यो मुलुकलाई अहिलेसम्म कसैले पनि स्वतन्त्र राष्ट्रको मान्यता दिएका छैनन् । यो स्वघोषित मुलुक गरिबीले ग्रस्त छ । यहाँ न कुनै सरकारी व्यवस्था लागू छ, न रोजगारीको कुनै माध्यम । यहाँको मुद्रा सिलिङ हो । जसको यहाँ कुनै मूल्य नै छैन । मुद्रास्फिति यति बढेको छ की एउटा ब्रेड किन्नका लागि पनि बोराभरी पैसा तिर्नुपर्दछ ।

नेपालको झण्डै एक हजार रुपैयाँ बराबरको मूल्यमा यहाँ ५० किलो भन्दा धेरै सिलिङ खरीद गर्न सकिन्छ । तर पचास किलो नोटले पनि खासै धेरै सामान आउँदैन । यहाँ सुनको एउटा सिक्कि खरीद गर्न झण्डै ३२ लाख रुपैयाँ बराबरको मूल्य तिर्नुपर्दछ । र, यो रकम जुटाउनका लागि केही क्विन्टल सिलिङ मुद्रा चाहिन्छ । यो देशमा कुनैपनि अन्तराष्ट्रिय मान्यताप्राप्त बैंक छैन । कुनै एटिएम सिस्टमपनि छैन । सोही कारण पैसाको कारोबार सडकमा हुन्छ ।

*अनलाइन खबरबाट*

प्रेरक

## बहादुर बालक



उहिलेयौं इंग्ल्याण्डमा नेल्सन नामका १२ वर्षीया बालक थिए । उनका मामा जहाजका नाबिक थिए । उनी पनि सानै उमेरमा आफ्ना मामासँगै जहाजमा गएर काम सिक्न थाले । विस्तारै विस्तारै उनी एक चतुर नाविक बने ।

जब उत्तरी ध्रुवको खोजका लागि रेगहर्स नामक जहाज पठाइयो, तब नेल्सनले पनि सो जहाजमा नाविकका रुपमा काम गर्ने अवसर पाए । उनी खुसीसाथ सो यात्रामा निस्किए । उत्तरी ध्रुव प्रदेशमा समुद्रलाई बर्फिलो चट्टानले ढाकिरहन्थ्यो र हरसमय समुद्रमा भयंकर जीवजन्तुको आक्रमण हुने भय रहन्थ्यो ।

एकदिन जहाज अड्काएर राखिएको थियो । नेल्सन आफू एकजना साथीसँग घुम्नका लागि निस्किए । केही टाढा पुगेपछि उनको एउटा भयंकर भालुसँग मुठभेड भयो । नेल्सन त्यस भालुलाई निशाना बनाएर दनादन गोली बर्साउन थाले । जब कि उनका साथी कप्तान अन्य नाबिकलाई खबर गर्न जहाजतिर दौडिए । छालका कारण नेल्सनको एउटा पनि गोली भालुको निशानामा लागिरहेको थिएन । केही क्षणमा उनका सबै गोली समाप्त भयो । फेरि पनि उनी डराएनन् र त्यहाँबाट भागेनन् बरु निर्मयतापूर्वक बन्दुकको कुन्दाले भालुलाई हिकाउँदै गए ।

केही समयपछि जहाजका कप्तान त्यहाँ पुगे । उनले एक गोली प्रहार गरेर भालुलाई मारिदिए । त्यसरी गोली सकिएपछि पनि भालुसित जुधिरहेका नेल्सनको साहस देखेर कप्तान अचम्ममा परे । कप्तानले नेल्सनसँग सोधे- किन तिमीलाई भालुसँग डर लागेको थिएन ? विल्कुलै लागेन । म यो भालुको छाला आफ्नो बाबुको लागि लिएर जानेछु, नेल्सनले मुस्कुराएर भने । यिनै बहादुर बालक नेल्सन ठूला भएपछि ब्रिटिश फौजका सेनापति बने । यिनकै बहादुरीका कारण वाटरलुमा नेपोलियनको हार भयो ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । शुभचिन्तकसमेत प्रतिपक्षीको प्रभावमा आउन सक्छन्। सहयोगको तत्परता देखाउनेहरू पछि हट्नेछन् । सोचेको समयमा काम नबन्न सक्छ । आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा ध्यान पुर्याउनुहोला । उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला ।

### बृष

गोप्य सूचना बाहिरिनाले समस्या पर्न सक्छ । सानातिना काम र घरेलु समस्यामा अल्झनुपर्ला । अर्थ अभावले पनि सताउन सक्छ । सामान्य काममा धन र श्रम खर्चनुपर्ला । विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने हुन सक्छ । कामको चाप बढ्नेछ भने शरीरमा समेत कमजोरी अनुभूति हुनेछ । अधुरा काममा पहिलेकै समस्या दोहोरिन सक्छन् । स्वास्थ्य उपचारमा खर्च बढ्नेछ ।

### मिथुन

प्रयत्न गर्दा आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । व्यवसायको सन्दर्भमा यात्रा हुन सक्छ । तर, मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा बाधा पुग्नेछ । परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउला । रमाइलो क्षणमा पनि मन खिन्न रहनेछ । निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ । आम्दानी रोकिने सम्भावना छ ।

### कर्कट

प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । ईर्ष्या गर्नेहरूलाई पनि मिहिनेतको पाठ सिकाउन सकिनेछ । स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । हिम्मत गर्दा जटिल काम समेत सजिलै सम्पादन हुन सक्छ । प्रतिस्पर्धीहरूको मनोबल कमजोर हुनेछ । पहिले दुश्मनी गर्नेहरूले समेत मित्रताका हात अघि बढाउनेछन् ।

### सिंह

परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ । पेटको खराबीले स्वास्थ्य कमजोर रहनेछ । अरूका लागि बुद्धि र श्रम खर्चनुर्ला । चिताएको काम रोकिनाले लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । अस्वस्थताले पनि उद्देश्यमा बाधा पुर्याउन सक्छ । अप्रिय समाचारले मन खिन्न रहनेछ । हतारका काममा ढिलासुस्ती हुन सक्छ । पढाइलेखाइमा सोचेजस्तो प्रगति गर्न नसकिएला ।

### कन्या

परिस्थितिअनुसार चल्न नसक्ता अलि दुस्ख पाइनेछ । समयमा निर्णय लिन नसक्दा काम बिग्रन सक्छ । महत्वाकांक्षी योजना कार्यान्वयनमा आफ्नैले बाधा पुर्याउलान् । बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ । अरूको फाइदाका लागि उपयोग भइने सम्भावना छ । मान्यजनको मन जित्ने प्रयत्न गर्नुहोला । अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुपर्ला ।

### तुला

नयाँ काम प्रारम्भ गर्ने समय छ । चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ । दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिलो हुनेछ । सहयोगीहरूले व्यवसायमा मनग्गे लाभ दिलाउनेछन् । मिहिनेतले दिगो फाइदा दिलाउन सक्छ । पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ । प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन् ।

### बृश्चिक

आत्मविश्वासको कमीले पछि परिनेछ । शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ । खर्च हुने डरले सताउन सक्छ । वादविवादबाट टाढा रहनुहोला । बलजफ्ती गर्ने बानीले आफैंलाई अप्ठ्यारोमा पार्न सक्छ । श्रम परे पनि सोचेको मूल्य प्राप्त नहुन सक्छ । केही अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । यात्रामा सजगता अपनाउँदा राम्रो होला ।

### धनु

रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ । आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरूले उत्साह जगाउनेछन् । पहिलेका कमजोरी सुधार गर्दै फाइदा उठाउने समय छ । सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

### मकर

समयमा होस नपुग्नाले फजुल खर्च बढ्नेछ । चिताएका काममा अनायासै व्यवधान देखा पर्न सक्छ । खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला । आफ्नै कमजोरीले विवाद निम्त्याउनेछ । शुभचिन्तकहरूलाई बेवास्ता गर्दा दुस्ख पाइएला । परिवारजनबाट समेत टाढिनुपर्ला । प्रलोभन देखाउनेहरूले फसाउन सक्छन् । सद्विचारले अभिप्रेरित हुनेहरूलाई फाइदा हुनेछ ।

### कुम्भ

दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । श्रमको उचित मूल्य पाइनेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ । रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ । दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ भने आर्थिक साझेदारीबाट पनि लाभ मिल्नेछ ।

### मीन

राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । मिहिनेत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुने सम्भावना छ । व्यापारमा पनि राम्रै फाइदा हुनेछ । प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ । विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ । अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।

## युट्युबमा "लम्फू" हिट

अहिले नेपाली फिल्मका शुभचिन्तकदेखि संगीतप्रेमी सबैको मुखमा गुन्जिएको छ, 'सँगै जिउने सँगै मर्ने..' । माया नगरीमा राम्रै हिट भएको यो गीत फिल्म 'लम्फू' को हो । फिल्मको अडियो गीतलाई नै दर्शकले अत्याधिक मन पराएका छन् । युट्युबमा फिल्मका गीतको अडियोलाई निकै न्यून भ्यूज मिल्ने गर्छ । तर, 'लम्फू' को हकमा भने यस्तो भएन । 'सँगै जिउने सँगै मर्ने..' बोलको अडियो गीतलाई युट्युबमा अहिलेसम्म २ लाखभन्दा बढी पटक सुनिएको छ । १ हजार लाइक्स मिलेको गीतलाई सय बढी कमेन्ट प्राप्त छ । कमेन्टमा अधिकांशले गीतको तारिफ गरेका छन् भने भिडियोको प्रतिक्षामा रहेको लेखेका छन् । 'लम्फू' मा समावेश अन्य तीन गीत 'तिम्लाई भुलेर', 'दोधार दोधारमा' र 'सुको छैन यार' ले पनि युट्युबमा सन्तोषजनक भ्यूज पाएका छन् । फिल्मका चार गीतले मायाप्रेममा रोमान्स, वियोग तथा युवा अवस्थाको जीन्दगी प्रस्तुत गरेका छन् । गीत संगीत उत्कृष्ट भएकै कारण धेरै फिल्मले बिजनेशमा बाजी मारेको रेकर्ड फिल्म क्षेत्रमा छ ।

## जताततै "कृ" हाउसफूल

युवा स्टार अनमोल केसी वास्तवमै 'सुपरस्टार' हुन् । शनिवार हलमा देखिएको दर्शकको थामिनसक्नुको भीडले पनि यो कुरालाई प्रमाणित गर्छ । २ वर्षदेखि यी चकलेटी हिरोको फिल्मको प्रतिक्षामा रहेका दर्शकलाई 'कृ' ले कति सन्तुष्टी दियो त्यो कुरा यो प्याकेजमा नगरौं तर हलमा उनकै लागि पुगेका दर्शकको भीड साँच्चै 'कुम्भ मेला' लागे झैं थियो । शनिवार करीब २ बजे अनमोल ६ जना बडिगार्डसहित नव(नायिका अदिती बुढाथोकीलाई साथमै लिएर काठमाडौंको गोपीकृष्ण हल छिरे । घण्टैदेखि अनमोलकै प्रतिक्षामा रहेका हजारौं दर्शक ओम अस्पतालको सडकदेखि सिनेमा हलको टिकट काउन्टरसम्म थामिसक्नु थिएनन् । बडिगार्डको त कुरै छाड्यौं दुई गाडी भ्यानमा आएका प्रहरीलाई समेत फ्यानबाट अनमोललाई बचाउन पसिना छुट्यो । अदितीको अभिनयलाई दर्शकहरुले तारिफ गरेका छन् । सुवास इन्टरटेन्मेन्टको ब्यानरमा तयार भएको फिल्मको प्रस्तुतकर्ता द सुपर काजोल फिल्मस् हो । कमल गिरी कार्यकारी निर्माता रहेको फिल्मका सह-निर्माता श्री पराजुली हुन् । 'कृ' मा अनमोल केसी, अदिती बुढाथोकी, अनुप विक्रम शाही, कामेश्वर चौरासिया, सरोज खनाल, लक्ष्मी गिरी, रुपा राना लगायतका कलाकारको मुख्य भूमिका छ । फिल्मका निर्देशक सुरेन्द्र पौडेल हुन् ।

## प्रेम दिवसमा "के यो माया हो"

गायक सन्तोष लामाले प्रेम दिवसको अवसर पारेर 'के यो माया हो' बोलको गीतको भिडियो रिलिज गरेका छन् । रोहित बस्नेतको शब्द रहेको गीतमा सुविर पन्तको संगीत छ । यो गीतले एक युवाले एक युवतिलाई देखाएको प्रेम आशक्तिलाई उठान गरेको छ । रोहित विक्रम कार्कीको निर्देशनमा तयार भएको भिडियोमा आशिष र सारिकाले मोडलिङ गरेका छन् । भिडियोमा सुरेश राउतको सम्पादन, रोहित विक्रम कार्कीको छायांकन छ ।

## "रानीमहल" बाट प्रशान्त र बर्षाले हात झिके

निर्माण हुने भनिएको लामो समयसम्म कलाकार नपाएर छायांकन सुरु हुन नसकेको चलचित्र 'रानीमहल'को निर्माण यूनिट फेरि समस्यामा परेको छ । यो चलचित्रका मुख्य दुई कलाकारले हात झिकेपछि चलचित्रको निर्माण यूनिट तनावमा परेको हो । चलचित्रका मुख्य आकर्षण कलाकार प्रशान्त ताम्राकारले हात झिकेका छन् । उनले, चलचित्र छाडेको केहि समयमै नायिका बर्षा सिवाकोटीले पनि हात झिकेकी छिन् । दुबै कलाकारले हात झिकेपछि यसको निर्माणपक्ष फेरि उनीहरुको ठाउँमा नयाँ कलाकारको खोजीमा लागेको छ । नायिका सिवाकोटीले करिब ७ महिना चलचित्रका लागि कुरेकी थिइन् । तर, घोषणा भएको केहि समय बितिसक्दा पनि छायांकनमा चलचित्र जान नसकेपछि उनले छाडेको बताइन् । उनले, चलचित्रको संझौता रकम पनि फिर्ता गरेको बताइन् ।

## "पञ्चेबाजा" को बियोगान्त गीत रिलिज

चलचित्र 'पञ्चेबाँजा'मा समावेश 'म केहि बोलुँ' बोलको गीत रिलिज भएको छ । यो वियोगान्त गीत हो । राहुल विश्वासको स्वर, कालिप्रसाद बाँस्कोटाको संगीत, सविन एकतारेको शब्द यो गीतमा छ । यो चलचित्रमा सौगात मल्ल, कर्मा, जश्मिन श्रेष्ठ, वृद्दि तामाङ लगायतका कलाकारको मुख्य भूमिका छ । चलचित्र फागूण ११ गतेबाट रिलिज हुँदैछ । चलचित्रलाई राजेश शाहीले निर्माण गरेका हुन् । घनश्याम लामिछानेले निर्देशन गरेका हुन् । चलचित्र 'पञ्चेबाँजा'ले मित्रता, प्रेम र धोकाको कथालाई उठान गरेको छ । नेपाली चलचित्र क्षेत्रमा लामिछाने मौलिक कथालाई उठान गर्ने निर्देशकको रुपमा चिनिन्छन् । सौगात मल्ल, कर्माको उपस्थितीले पनि चलचित्रको व्यापारमा फरक पार्नेछ ।

*(एजेन्सीहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Hibernate= जाडो महिनाभरि नै सुत्ने Among the animals bears hibernate (प्राणीहरूमा भालु यस्ता जन्तु हुन् जुन हिँउदभरि नै सुत्छन्)

Impair = क्षमतामा ह्रास ल्याउनु Excess drink might impair your stamina (बढी पिउनाले तिम्रो परिश्रम गर्ने क्षमतामा ह्रास ल्याउन सक्छ)

Juxtapose = सँगसँगै राख्नु Comparison is easier if the things to compare are juxtaposed (तुलना गर्नुपर्ने कुराहरू सँगै एक ठाउँमा राखियो भने तुलना गर्न सजिलो हुन्छ)

Kindred = उस्तै उस्तै । उत्तिकै Bob and Robert are two kindred spirit (बब र रोबेर्ट दुबै उत्तिकै फुर्तिला छन्)

Laud = प्रशंसा गर्नु । प्रकाश पार्नु । प्रचार गर्नु Although it was a much lauded production, it could not drive the market (बेस्सरी प्रशंसा गरिएको भए तापनि यस उत्पादनले बजार लिन सकेन)

Maverick = विद्रोही Politically, he is a maverick (राजनीतिक रुपमा भन्ने हो भने ऊ विद्रोही हो)

Novice = परिपक्व भइनसकेको। नौलो Theoretically, he is expert but practically he is not more than a novice (सैद्धान्तिक रुपबाट ऊ आफ्नो क्षेत्रको विशेषज्ञ नै भए तापनि व्यवहारिक रुपबाट ऊ अझै परिपक्व भइसकेको छैन)

Officious = सेवा गर्न तत्पर वा उत्सुक Over officiousness might sometimes be interfering (बढी सहयोग गर्ने बानी पनि कहिलेकाहीँ हस्तक्षेपकारी हुन सक्छ)

Penchant = ठूलो झुकाव । हुरुक्क हुनु She has a big penchant for momo (म:म: भनेपछि तिनी हुरुक्कै हुन्छिन्)

Quip= हल्का पाराबाट बोल्ने बानी He is unpopular for his quips and sarcastic comment (हल्का किसिमले कडा आलोचना गर्ने उसको बानीको कारण ऊ अलोकप्रिय छ)

## सामान्य ज्ञान (नेपालमा सर्वप्रथम)

### कसलाई के भनिन्छ ?

| | |
|---|---|
| कोतपर्वकी आमा | राज्यलक्ष्मी |
| हरिततारा | भृकुटी |
| खलंगाका नायक | बलभद्र कुँवर |
| स्वामी अभयानन्द | रणवीरसिंह थापा |
| नेपालकी आमा | मोतीदेवी कल्याल टिंकरी |
| स्कुलका पिता | पद्मशमशेर |
| राणा वैज्ञानिक | गेहेन्द्रशमशेर |
| नेपालको दोस्रो गौतम बुद्ध | जयपृथ्वीबहादुर सिंह |
| जिउँदो सहिद | टंकप्रसाद आचार्य |
| राजाको पञ्च | कीर्तिनिधि बिष्ट |
| नेपालको सुकरात | नयराज पन्त |
| शेरे धनुषा | हेमबहादुर मल्ल |
| धोकेबाज नेता | डा.तुलसी गिरी |
| अस्तित्वविहीन पञ्च | नगेन्द्रप्रसाद रिजाल |
| धूर्त पञ्च | नवराज सुवेदी |
| संकटको पञ्च | सूर्यबहादुर थापा |
| सान्दाजु | बीपी कोइराला |
| नेपाली राजनीतिका चाणक्य | सूर्यप्रसाद उपाध्याय |
| नेपाली राजनीतिकी शकुनी | ऋषिकेश शाह |
| पञ्चको शाह | शरदचन्द्र शाह |
| अवसरवादी नेता | विश्वबन्धु थापा |
| सन्त राजनीतिज्ञ | कृष्णप्रसाद भट्टराई |
| लौह पुरुष | गणेशमान सिंह |
| कार्यकर्ता | डा. डिल्लीरमण रेग्मी |
| पञ्चायतको मलामी | मरिचमान सिंह |
| नाति जर्नेल | पशुपतिशमशेर जबरा |
| माहिला मिनिस्टर | बमबहादुर राणा |
| खरदार बा | कृष्णप्रसाद कोइराला |
| फत्यबहादुर शाह | बहादुर शाह |
| नेपालको माइकल एन्जेलो | बेखाराज |
| विमान पण्डित | अच्युतानन्द |

## Redundancy बारे थाहपाई राख्नुहोस

Redundancy भनेको आवश्यकै नपर्ने शब्द वा वाक्य प्रयोग गर्नुलाई बुझाउँछ । जस्तो Repeat अर्थ दोहाऱ्याउनु वा to say again भन्ने हुन्छ । तसर्थ कि Repeat भनेर प्रयोग गर्नु पऱ्यो कि त say again भनी प्रयोग गर्नु पऱ्यो तर कसैले repeat again भनी प्रयोग गऱ्यो भने अंग्रेजी ब्याकरण अनुसार गल्ती हुन जान्छ जसलाई Redundancy भनिन्छ । तसर्थ यस्तै अरु Redundancy हरुजानी राख्नुहोस् ।

कि त It is two meter long कि त It has a length of two meters भन्नुस् तर It has a length of two meter long कहिलै नभन्नुस् ।

कि त He is loquacious कि त He is a talker भन्नुस He is a loquacious talker कहिलै नभन्नुस ।

कि त They are many कि त They are considerable in number भन्नुस् तर They are many in number कहिलै नभन्नुस् ।

कि त We met up at the supermarket कि त I met with him at supermarket भन्नुस तर I met with him up कहिलै नभन्नुस् ।

कि त More angry कि त angrier भन्नुस् तर More angrier कहिलै नभन्नुस् । त्यसै गरी More better, More older, more paramount, more perfect कहिलै नभन्नुस् ।

कि त Kindest कि त Most kind भन्नुस् तर Most kindest कहिलै नभन्नुस । त्यसै गरी Most prettiest, Most best, Most lattest, Most cheapest, Most unique, कहिलै नभन्नुस् ।

कि त It is necessary कि त It is essential भन्नुस् तर It is necessary essential कहिलै नभन्नुस । त्यसैगरी कि त It is our need भन्नुस् कि त It is necessary for us भन्नस् तर It is our necessary need कहिलै नभन्नुस् ।

कि त He is my friend कि त We know each other personally भन्नुस् तर He is my personal friend कहिलै नभन्नुस ।

कि त Happen again कि त Recur भन्नुस् तर Recur again कहिलै नभन्नुस । त्यसैगरी कि त Reduce कि त Bring down भन्नुस् तर Reduce down कहिलै नभन्नुस् ।

कि त Start again कि त Resume भन्नुस् तर Resume again कहिलै नभन्नुस् ।

## सुडोकु-अंक ९०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | | | ७ | | ८ | | | ६ |
| ४ | ५ | | | १ | | | ३ | २ |
| | | ७ | | | | ९ | | |
| ३ | | | ५ | | ४ | | | ९ |
| | | ६ | | | | ५ | | |
| ५ | | | ३ | | २ | | | ७ |
| | | ४ | | | | ३ | | |
| १ | ७ | | | ३ | | | ६ | ८ |
| ८ | | | ६ | | ९ | | | १ |

## अंक ८९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ७ | २ | ८ | १ | ६ | ४ | ३ | ९ |
| ४ | १ | ९ | ३ | ७ | २ | ८ | ६ | ५ |
| ६ | ८ | ३ | ४ | ५ | ९ | २ | १ | ७ |
| ८ | ६ | ४ | ७ | ९ | ५ | ३ | २ | १ |
| ७ | ९ | १ | २ | ३ | ८ | ५ | ४ | ६ |
| २ | ३ | ५ | ६ | ४ | १ | ९ | ७ | ८ |
| ९ | २ | ६ | १ | ८ | ३ | ७ | ५ | ४ |
| १ | ४ | ८ | ५ | २ | ७ | ६ | ९ | ३ |
| ३ | ५ | ७ | ९ | ६ | ४ | १ | ८ | २ |

# बाल विकास समाजले गरेका स्थलगत अनुगमनका झलकहरु











### स्थलगत अनुगमन

बाल विकास समाजको आयोजनामा तथा सेभ द चिल्ड्रेनको सहयोगमा संचालित“नेपालमा रहेका ईट्टाउद्योगमा कार्यरत बालबालिकाहरुको संरक्षण” परियोजना अन्तर्गत काभ्रे जिल्लाको रोशी गाउँपालिकामा रहेका महादेवटारमा ईंटाभट्टामा बालश्रमको बारेमा संयुक्त रुपमा स्थलगत अनुगमन गरेको छ । बाल विकास समाजले बालश्रम अन्त्यको लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गरिरहेको छ । संस्थाले सरोकारवाला निकाय तथा सरकारी संयन्त्रसँग समन्वय गरी बालश्रम अन्त्यमा महत्वपूर्ण भूमिका खेलिरहेको छ । यसैगरी काभ्रे रहेका विशेष गरी रोसी गाँउपालिकामा रहेका भट्टाहरुमा पनि संस्थाले काम गरिरहेको छ । रोसीमा बालश्रम रहे नरहेको बारे अनुगमन , भएको छ । उक्त अनुमनले बालश्रम मुक्त ईँटाभट्टा घोषणाका लागि थप सहयोग पुग्ने आसा गरिएको छ । उक्त अनुगमन टोलीमा विद्यालय, राजनैतिक संयन्त्र बाल संरक्षण समिति, बालक्लव, सेभ द चिल्ड्रेन, वडा कार्यालयका प्रतिनिधि, बाल विकास समाज लगायतका सरोकारवाला पक्षहरुको सहभागिता रहेको थियो । बालश्रम मुक्त ईँटाभट्टा घोषणाका लागि संस्थाले पहल गरिरहेको सोही कुरालाई मध्य नजर गरी अनुगमन गरिएको हो ।

अनुगमनका क्रममा भट्टामा निरिक्षण गर्नुका साथै भट्टा सञ्चालकसँग बालबालिकाहरुको बारेमा जानकारी लिइएको थियो । सोही क्रममा भट्टा सञ्चालकहरुले हामी बालश्रम पूर्ण रुपमा अन्त्यका लागि सहयोगी भुमिका खेल्न तयार भएको कुरा बताएका थिए । यसैक्रममा हामीले बालश्रम मुक्त भट्टा बनाएपछि सरकारले हाम्रो ईँटालाई बजारमा विस्तारको लागि प्रवर्द्धन गर्नुपर्ने र बालश्रम मुक्त ईँटा खरिदका लागि उपभोक्तालाई प्रेरित गर्न सरकारले भूमिका खेल्नु पर्ने कुरा समेत उहाँहरुले बताएका थिए ।

यसैक्रममा बडाका प्रतिनिधिले आफ्नो वडामा रहेको बालश्रम अन्त्य गर्न ठोस भूमिका खेल्ने कुरा उल्लेख गर्दै सोही अनुसार बालश्रम मुक्त ईँटाभट्टा खरिदका सबैलाई प्रेरित गर्ने कुराको प्रतिवद्धता व्यक्त गरेका थिए । उक्त टोलीले अनुगमन गरिएका भट्टामा बालश्रम नरहेको प्रतिवेदन समेत बुझाएको थियो । उक्त ईँटाभट्टा छिटै नै बालश्रम मुक्त भट्टा घोषणा हुने कुरा बाल विकास समाजका प्रतिनिधिले बताएका थिए ।

### शैक्षिक सफलताका लागि अभिभावक अन्तरक्रिया

बाल विकास समाजद्धारा सञ्चालित छात्रवृत्ति कार्यक्रम अन्तर्गत संस्थाले छात्रवृत्ति प्रदान गरेका बालबालिकाहरु उनीहरुका अभिभावक, विद्यालय प्रशासन, विषय शिक्षक तथा संस्थाका प्रतिनिधि एवं सरोकारवालाबीच वर्षमा ३ पटक अभिभावक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिन्छ । सामुदायिक विद्यालयमा आफ्ना बालबालिकाहरु भर्ना गरेपछि अभिभावकहरु विद्यालयमा आएर बालबालिकाहरुको पढाइ तथा अन्य विषययमा बुझ्ने तथा साथी संगतको बारेमा प्र अ एवं कक्षा शिक्षकसँग छलफल गर्ने परिपाटी कमै मात्रामा रहेको छ । यसले के देखिन्छ भने विरुवा रोपेपछि चाहे जस्तो फल फलाउनका लागि त्यत्तिकै मात्रामा गोडमेल र हेरचाहको आवश्यकता पर्छ भन्ने कुराको हेक्का कमै अभिभावकहरुलाई हुन्छ । त्यसकारण आजको दिनमा अभिभावकहरुलाई यस कुराप्रति थप चेतनसिल बनाउनु आवश्यक रहेको छ । विरुवामा पानी हालेर मात्र हुँदैन उक्त पानी हाल्ने उपयुक्त समय अभिभावकहरुले चिन्न नसकेको खण्डमा विरुवाले भनेजस्तो फल नदिने कुरा निश्चित प्राय हुन्छ । त्यसैले अभिभावकहरुले आफ्ना बालबालिकाहरुलाई खान र लाउन दिएर मात्र नहुने कुरा थाहा पाउन जरुरी छ । बालबालिकालाई उपयुक्त समयमा मार्ग दर्शन देखाउन सकिएन भने भोलिका दिनमा असल सन्तानको चाहाना गर्नु निरर्थक छ । विद्यालय भर्ना गरि दिएर नियमित विद्यालय पठाउनु मात्र अभिभावको कर्तव्य होइन । नियमित रुपमा विद्यालय पठाउनुका साथै विद्यालयमा गएर कम्तीमा महिनाको एक पटक आफ्नो छोरा या छोरीको बारेमा सबै कुरा सोध खोज गर्नु असल अभिभावकको दायित्व हो । आफूले समय दिन नसक्ने अनि गल्ती भएपछि बालबालिकामाथि दोष थुपार्ने प्रवृत्तिको अन्त्य हुनु जरुरी छ । बालबालिकाहरुको उमेर अनुसार क्षमता र चेतनाको विकास हुँदै जाने कुरामा कतिपय अभिभावकलाई बुझाउनु जरुरी छ । उनीहरुको उमेर अनुसार व्यवहार गर्नका लागि प्रेरित गर्नु जरुरी छ । वयष्क मानिस र कम उमेरका बालबालिकाको व्यवहार एउटै कहिल्यै हुन सक्दैन भन्ने कुरा सबै अभिभावकले बुझ्न जरुरी छ । यसकारण बाल विकास समाजले बालबालिकाहरुको सिकाइ प्रभावकारी बनाउनका लागि अभिभावकहरुसँग यस्तै कुराको बारेमा छलफल गर्ने गर्दछ । यस कार्यक्रमको प्रभावले बालबालिकाहरुलाई सोही अनुसारको व्यवहार गर्न कतिपय अभिभावकहरुले थालेका छन् । उनीहरुका बालबालिकाहरुले सामुदायिक विद्यालयमा राम्रो अंक प्राप्त गरी कक्षा उर्त्रीण गर्न सफल भएका छन् । यसै सिलसिलामा संस्थाले प्रदान गरेको छात्रवृत्ति अन्तर्गतका बालबालिका उनीहरुका अभिभावक, विद्यालय प्रशासन तथा संस्थाका प्रतिनिधिबीच छलफल कार्यक्रम सम्पन्न गरेको थियो छलफल कार्यक्रम छात्रबृत्ति अर्न्तगतका विद्यालयमानै गएर गरिएको थियो जसमा ग्राम शिक्षा, बाल कुमारी, अरुणेदय, जनकल्याण,मंगल मा वि र शान्ती निकेतामा गरिएको थियो भने बाल विकास समाजका सिनियर कार्यक्रम सुपरभाईजर रन्जना गौतमले बालबालिकाहरुको सिकाइ वातावरण तयार गर्न अभिभावकको भूमिकाका बारेमा स्पष्ट पार्नु भएको थियो । सोही अवसरमा विभिन्न विद्यालयका प्रधानाध्यापकहरुले मन्तव्यको क्रममा बालबालिकाहरुको शैक्षिक सफलताका लागि विद्यालयले मात्र चासो दिएर नहुने अभिभावकहरुको पनि त्यत्तिकै जिम्मेवारी भएको हुँदा सोही अनुसार ठोस जिम्मेवारी पूरा गर्न आग्रह गर्नु भएको थियो । केही अभिभावकहरु विद्यालयमा आएर आफ्ना छोराछोरीको पढाइ तथा अन्य विषयमा छलफल गर्ने गरेको कुरा समेत उहाहरुले उल्लेख गर्नु भएको थियो । विद्यालयले गर्नु पर्ने यस किसिमको कार्यक्रम संस्थाले आयोजना गरिदिएकोमा संस्थाप्रति आभार प्रकट समेत गर्नु भएको थियो । छलफल कार्यक्रममा १६७ जना बालबालिकाहरुको पहिलो त्रैमासिक परीक्षाको नतिजाका संकलन गरि नतिजाको बारेमा समिक्षा गरिएको थियो । आगामी दिनहरुमा बालबालिकाहरुको शैक्षिक सफलताका लागि सहि अभिभावकत्व वहन गर्ने प्रतिबद्धता समेत अभिभावकहरुले जाहेर गर्नु भएको थियो ।

**प्रस्तुति :** **सुशिला परियार र रन्जना गौतम**

## महिलाको बदनाम...

पारिवारिक जमघटको रमाइलोदेखि लिएर विवाह, भोज, पार्टी, पिकनिकमा गरेका नाचगानका कार्यक्रमलाई पोर्न भिडियोको साइटमा हालेर बदनाम गराउने गिरोह सक्रिय भएको छ । सावित्रीको समूहले मन्दिरमा नाचेको दृश्य बीस लाखभन्दा बढीले हेरेर भाइरल भइसकेको छ । पछाडि खुला भएकमो ब्लाउज लगाएरु बाटामा हिँडिरहेका महिलाको समेत थाहा नपाई भिडियो खिचेर अपराधिक जमातले गलत साइटमा पोस्ट गरी बदनाम गर्ने गरेका छन् । यस सम्बन्धमा केही पीडितहरु प्रहरीमा पुग्ने गरे तापनि प्रहरीले गम्भीर चासो लिने गरेको छैन । प्रहरी प्रशासनको बेवास्ताले अपराधी गिरोहलाई प्रोत्साहन मिलिरहेको छ ।

आफ्ना श्रीमान् समेत विदेशमा रहेका बेला अश्लील साइडमा नाचगानको दृश्य भाइरल भएको थाहा पाएर यसबारेमा बुझ्न सावित्रीले भतिजालाई प्रहरी कार्यालयमा पठाउँदा प्रहरीले गम्भीरतापूर्वक लिएनन् । यस्तो साइट राम्रा मान्छेले नहेर्ने हुनाले कुनै चिन्ता लिनु पर्दैन । धेरैको यस्तो परेको छ । तैपनि पीडितको एउटा निवेदन ल्याउनु हामी हेरौंला' भन्ने जवाफ प्रहरीले दिएको उनी बताउँछिन् । महिला दिदीबहिनीको प्रतिष्ठामा आँच पुऱ्याउने यस्ता गिरोहलाई पुलिस प्रशासनले गम्भीरतापूर्वक अनुसन्धान गरी कडा कारबाही गर्न जरुरी छ ।

## तीन नम्बर...

देखिन्छ । मकवानपुरेको प्रयासले तीन नम्बरका संसद सदस्यलाई सुरुमै बम्पर चिट्ठा परेको छ ।

हेटौंडा नगरपालिकाको नाममा रहेको औद्योगिक क्षेत्रपछाडि कमानेको जग्गा प्रदेशसभा सदस्यलाई एक एक वटा घडेरी पाँच वर्षे सहुलियतपूर्ण किस्तामा दिइने भएको छ । संसद सदस्यलाई निःशुल्क आवासदेखि लिएर होटलमा समेत ४० प्रतिशत छुटको घोषणा गरिएको छ ।

प्रदेशको राधजानी र नामांकनका लागि दुईतिहाई संसद सदस्यको बहुमत आवश्यक पर्छ । मकवानपुरले संसद सदस्यहरुलाई आर्थिक प्रलोभनको गतिलै बल्छी फालेर भए पनि राजधानी कायम गराएरै छोड्ने भएको छ ।

## अब मुलुकमा...

केपी शर्मा ओलीलाई प्रधानमन्त्रीमा नियुक्ति गरेको जानकारी गराएको छ । ओलीको प्रधानमन्त्रीमा नियुक्तिसँगै मुलुकमा वाम गठबन्धनको सरकार बनेको छ । दुई पार्टीबीच सहमतिको विकल्प पनि थिएन । वाम गठबन्धन बनाएर निर्वाचनमा होमिएकाले जनताले राम्रै पत्याएका थिए । एमालेले १२१ र माओवादीले ५३ संसदीय सिट हासिल गरेका छन् । दुईतिहाई मत माग्दै हिँडेका वाम गठबन्धनलाई सुविधाजनक बहुमत प्रदान गरेर मुलुकमा स्थायित्व र अग्रगामी विकास गर्ने म्यान्डेट जनताले दिएका छन् । वाम गठबन्धन भत्काउन स्वदेश तथा विदेशबाट समेत थुप्रै चलखेल नभएका होइनन् । राजनीतिक फड्का हान्न माहिर मानिएका प्रचण्डले अन्तै फड्का मार्लान् कि भन्ने त्रास पनि एमालेमा व्याप्त थियो भने । अत्यन्तै चतुर खेलाडी मानिएका केपीले मधेसीलाई काखी च्यापेर प्रचण्डलाई जिल्लाराम बनाउने सम्भावना उत्तिकै थियो । शेरबहादुर देउवाले समेत प्रचण्डलाई पाँच वर्षे प्रधानमन्त्रीको लिखित ग्यारेन्टी दिन्छु भनेको कुरा बाहिर आएको थियो । प्रदेशमा समेत तालमेल गरेर सरकार गठन गरिरहेका वाम गठबन्धनलाई केन्द्रमा पनि सरकार गठन गर्नैपर्ने बाध्यता थियो ।

एमाले-माओवादीबीच निकै ठूलो सैद्धान्तिक र व्यावहारिक मतभेद रहेको र नेताको व्यवस्थापन चुनौतीपूर्ण भएको अवस्थामा ओली प्रचण्डले समान रुपमा अध्यक्ष बन्ने र प्रधानमन्त्री पालैपालो चलाउने गर्रा सहमति गरेर पार्टी एकता र सरकार गठनको बाटो खोल्ने काम गरेका छन् । सबैलाई चित्त बुझाएर एमाले, माओवादीबीचको वास्तविक पार्टी एकता गर्न भने निकै ठूलो चुनौती छ । संसदीय राजनीतिमा अभ्यस्त बनेको एमाले र जनयुद्धबाट आएको माओवादीबीचको खाडल पुर्न चानचुने प्रयासले मात्र सम्भव छैन । अहिले सत्ताको सिँढी चढ्ने हतारोले टालटुले सहमति भए पनि माथिदेखि तलसम्म मिलाएर लैजान निकै ठूलो कसरत गर्नुपर्ने हुन्छ । एमालेभित्र केपी मात्र नभई झलनाथ, माधव, वामदेव, सुवास, ईश्वरलगायतको स्थान के हुने, त्यसैगरी माओवादीका नारायणकाजी, बादल, पम्फा, अमिक, महरा, वर्षमान, जनार्दनलगायतलाई कहाँ व्यवस्थापन गर्ने भन्ने चुनौती उत्तिकै छ । सत्ताको स्वादमा राम्रोसँग डुबुल्की लगाएका बग्रेल्ती नेता भएको ठाउँबाट अब बन्ने छरितो सरकारका लागि मन्त्री छान्न पनि हम्मे हम्मे पर्न सक्छ ।

यसैबीच नवनियुक्त प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीले प्रधानमन्त्रीमा नियुक्ति पाएपछि पार्टी कार्यालयमा संसदीय दलको बैठक बोलाएका थिए । बैठकलाई सम्बोधन गर्दै ओलीले सांसदहरुलाई आचरण र पहिरनमा ध्यान पुऱ्याउन निर्देशन दिएका थिए ।

## भारतीयको...

चासो राखेका थिए । निर्वाचनको परिणामपछि वाम गठबन्धनको सरकार बन्ने निश्चित भएसँगै भारतले ओलीसँग सम्बन्ध बढाउने प्रयास थालेको थियो । प्रधानमन्त्रीका रुपमा चर्चा चलिरहेका ओलीलाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पटक पटक फोन गरी सहकार्यको प्रस्ताव गरेका थिए । मोदीको टेलिफोन विदेशमन्त्री स्वराजको भ्रमण, सेनाध्यक्ष विपिन राउतको भ्रमण र राजदूत पूरीको बढ्दो सक्रियतामा नेपालमा नयाँ सरकार गठनमा प्रभाव पार्ने उद्देश्यले नै भएका हुन् भन्दा कुनै अत्युक्ति हुँदैन ।

## बालश्रम...

५ जना सुविधाविहीन तथा अभिभावक गुमाएका ५ जना बालबालिकाहरुलाई अक्षयकोषको ब्याजबाट प्राप्त जनही रु. ३६०० वार्षिक छात्रवृत्ति प्रदान गरिएको थियो ।

त्यसैगरी त्यस क्षेत्र विगतका वर्षहरुदेखि बाल अधिकार क्षेत्रमा कार्यरत गैरसरकारी संस्था तथा व्यक्तिहरुलाई प्रमुख अतिथिले सम्मान गरेका थिए । सम्मान पाउने संस्थाहरुमा सेभ द चिल्ड्रेन, बाल विकास समाज, सिविस तथा नामस्याल रहेका थिए । संस्थाको तर्फबाट बाल विकास समाजका अध्यक्ष सुवास गौतम, सेभ द चिल्ड्रेनका निलम धनुषे तथा सिविसका कृष्ण सुवेदीले सम्मान ग्रहण गर्नुभएको थियो । कार्यक्रममा जोगेश्वर विद्यालयको बाल क्लवका बालबालिकाहरुले नाटक प्रस्तुत गरेका थिए ।

## ४ नं....

सीपी मैनाली पोलिटब्यूरो सदस्य सुरेन्द्र ढकाल, जनक चालिसे, कृष्ण राना तथा केन्द्रीय सदस्य शंकर पोखरेल प्रशिक्षक रहनुभएको थियो । प्रशिक्षणपश्चात् सबै सहभागीहरुले त्यस्तै प्रशिक्षण अब आफ्ना जिल्लामा रहेका जिल्ला, नगर तथा गाउँस्तरका नेता कार्यकर्ताहरुको लागि पनि आयोजना गर्ने प्रतिवद्धता जाहेर गर्नु भएको थियो ।

## लोडसेडिङ...

सय मेगावाटभन्दा बढी विद्युत् उपलब्ध छैन । तसर्थ लोडसेडिङ छैन भन्ने कुरा नगरे हुन्छ । तपाईं ९ सय मेगावाटले कसरी लोडसेडिङरहित नेपालको कल्पना गर्न सक्नुहुन्छ ? उनको प्रतिप्रश्न थियो ।

## विप्लवले...

आन्तरिक राजस्व विभागका प्रमुख चुडामणि शर्माको घरमा ढुंगामुडा गरेर क्षति पुऱ्याएको थियो । विप्लव समूह निकट एक सूत्रले दिएको जानकारीअनुसार अब अदालतले छोडेका भ्रष्टाचारीहरुलाई कडा कारबाहीको तयारी भइरहेको छ । त्यसैगरीइ कमिसनखोर, भ्रष्ट कर्मचारी, कालाबजारी, भूमाफिया, राजनीतिको खोल ओढेर अर्बौं सम्पत्ति जोड्नेहरुलाई पनि कारबाहीको तयारी भइरहेको छ । जनयुद्धकालमा चन्दा उठाएर अहिले मोज गर्नेहरुको सूची पनि विप्लव समूहले तयार गरिरहेको सूत्रको भनाइ छ । त्यसैगरी नेपालको राजनीतिलगायत प्रशासनका विभिन्न ओहोदामा बसेर भारतको दलाली गर्दै राष्ट्रघात गर्नेहरुलाई पनि कारबाही गरिने भएको छ । विप्लव समूहलो जनयुद्ध कालको जस्तै जनसरकार घोषणा गर्न समेत थालेको छ ।

## राष्ट्रियताको...

सेना तथा सुरक्षा बलको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस्तै, सीमाको सुरक्षा तथा संरक्षण गर्ने काममा पनि सैनिक बलको ठूलो योगदान रहन जान्छ । यस्ता कार्य गर्न अध्यागमन तथा भन्सार अधिकारी एवम् राष्ट्रिय सुरक्षा परिषद्का पदाधिकारीसँग समन्वय हुनुपर्छ ।

मूलतः सीमावर्ती क्षेत्रमा तैनाथ गरिएका सेना बलले भन्सार राजश्व चुहावट नियन्त्रण तथा राजश्व अभिवृद्धि गर्ने कार्यमा प्रत्यक्षरूपले सहयोग पुऱ्याउन सक्छ । यस कार्यअन्तर्गत सीमामा चोरी-निकासी नियन्त्रण गर्न सीमा-नाकामा सशक्त प्याट्रोलिङ गर्ने काम सेनाले गर्न सक्छ । अवैध कारोबारमा रोकावट ल्याउन गस्ती गरी मद्दत पुऱ्याउने, तस्कर नियन्त्रण गर्न सीमावर्ती क्षेत्रका तस्करहरू पत्ता लगाई काबूमा लिने, भन्सार शुल्क तिरी मालसामान आयात-निर्यात गर्न व्यवसायी व्यापारीलाई बानी पार्ने काममा सेनाको भूमिका रहन सक्छ । यसका लागि सीमामा तैनाथी सेनाबलले भन्सार ऐन नियमावलीको ज्ञान हासिल गरेमा कार्य दक्षता र कार्य कुशलता बढ्ने हुन्छ ।

सीमा सुरक्षाका सम्बन्धमा सेनाले सीमारेखाको संरक्षणका लागि प्याट्रोलिङ गर्ने कार्यमा पनि योगदान पुऱ्याउनसक्ने हुन्छ । जंगे सीमा खम्बाहरू भत्काउने, फुटाउने, लोप गर्ने व्यक्तिलाई नियन्त्रण गर्न निमित्त गस्ती गर्ने कार्य सेना बलबाट हुनसक्छ । सिमानाको दशगजा क्षेत्र (No-man's land) स्पष्ट राख्न मद्दत पुऱ्याउने कार्य गरी देशको सीमा मिचिने क्रियाकलापमा निगरानी राख्दै राष्ट्रको भू-भाग संकुचन हुने गतिविधिमा रोक लगाउन सक्ने हुन्छ । यसरी राष्ट्रको भू-भाग जगेर्ना गर्ने काममा सेनाले महत्त्वपूर्ण भूमिका निभाउन सक्छ । यस कार्य तदारुकतासाथ गर्न सेनाले सीमा नक्सा पढ्ने ज्ञान हासिल गर्नुपर्छ । नजरी नक्सा (Eye Sketch) तयार गर्ने शीप हासिल गर्नुका साथै नापी सर्भेक्षणको सामान्य ज्ञान गरेको पनि हुनु राम्रो मानिन्छ ।

यसबाहेक देशको शान्ति सुरक्षा अमनचैन कायम गर्ने तथा विध्वंसात्मक गतिविधि नियन्त्रण गर्ने काममा पनि सीमामा तैनाथी सेनाबलले अप्रत्यक्षरूपमा योगदान पुऱ्याउन सक्छ ।

छिमेकी मुलुक भारतले नेपालसँग जोडिएको आफ्नो सिमानामा सीमा सुरक्षाका लागि के-कस्तो व्यवस्था गरेको छ भन्ने सम्बन्धमा पनि उल्लेख गर्नु प्रासांगिक नै होला । सुरक्षाका हिसाबले भारतले नेपालसँगको आफ्नो सीमारेखालाई ३ सेक्टरमा विभाजन गरेको छ । प्रथमतः संवेदनशील सीमाक्षेत्र रहेको छ । यस सेक्टरमा नेपालको कञ्चनपुरदेखि नवलपरासीको ९ जिल्लाको ७२५ किमि लामो सीमारेखा पर्दछ । दोस्रो वर्गीकरण, निगरानीपूर्ण सीमाक्षेत्र हो । यो सेक्टरमा नेपालको चितवनदेखि झापासम्मका १३ जिल्लाको ७८० किमि सीमारेखा पर्दछ । भारतमा ULFA, RIM, PWG, MCC तथा अन्य आतंकवादी गतिविधि बढेकोले सिमानामा सेनाको तैनाथी बढाइएको हुनसक्छ भन्ने धेरैको धारणा रहेको बुझिन्छ ।

नेपालको सीमाक्षेत्रमा पनि आपराधिक क्रियाकलाप र आतंककारी गतिविधि नियन्त्रण गर्न सशस्त्र सेनाबलको धेरै महत्त्व रहेको छ । सीमामा सेना सुरक्षा बढाइएमा अन्तर-सीमा अपराध, चोरी, डकैती, हत्या, बलात्कार रोकथाम हुनसक्छ । सीमावर्ती क्षेत्रमा नेपाली सेनाको भूमिका बढाइएमा अपराधीहरू नेपालबाट आई भारतमा आतंक मचाउछन् भन्ने भारतीय लान्छना नेपालले खेपिरहनुपर्ने हुँदैन । समयको मागअनुसार नेपाल र भारत दुवै देशको आपसी समन्वयका आधारमा हाल विद्यमान खुला सीमा व्यवस्थापनलाई नियमित तथा व्यवस्थित बनाउने र सीमारेखाको सुरक्षा गर्ने काममा सेना बलको अहम् भूमिका रहनुपर्छ ।

नियात्रा

**खोमदत्त बराल**

# बेलायतको सेरोफेरो-१३



दयाजीको घरमा आइपुग्यौ । खाने कुरा हुँदै थियो । अंगुरको रातो झोल खाने विचारमा पुगेका थियौं । आलु चिप्सको कासाविसा नल्याएकोमा दहाल उमाजी गुनासो गर्दै हुनु हुन्थ्यो । त्यति कैमा विजयजीको फोन आयो । विजयजीको र दयाजीको घर नजिकै छ । फोक्स्टनको घर भने झण्डै डेढघण्टाको ड्राइभिङ्गमा टाडा पर्दछ । टाडै भन्नु पर्छ । यहाँ रेष्टुरेण्टमा काम गर्ने कर्मचारकिो लागि भने वीस वर्षे लिजमा लिएको रहेछ । विजय घरमा आइ पुगेछन् । विजयजीलाई पनि दयाजीको घरमा बोलाययो । विजयजी र श्रीमती छोरी समेत आएका रहेछन् । तीनै जना आउनु भयो । पानी खानु भयो । छोरीले भने अरेञ्ज जुस खाइन ।

एकछिनको गफगाफ पछि हामी बेलायत फर्कन हतार भएकोले खाना खायौ । एकदुई फोटो खिचेर हामी चार जनाले यात्रातयारी गऱ्यौ दयाजीले आफ्नो स्वचालित गाडीमा ट्रेनटेसन सम्म ल्याई दिनु भयो । हामीले धन्यवाद र अभिवादन प्रशस्त दिएर पठायौं । ट्रेन चढियो । करिव २ घण्टामा लण्डन आइ पुग्यौ । हामी चाहि घरमा आइपुग्दा झण्डै एघार बजिसकेको थियौ । फोन गर्न पनि भ्याइएको छैन । फेरी पनि सम्झना गर्नु पर्छ । विजयजी रदयाजीको परिवारले हामीलाई गरेको अतिथि सम्मान र सहयोगलाई हार्दिकता पूर्ण धन्इवाद भन्ने पर्छ । वास्तवमा गाडीमा घुमाइदिन देखाउँनु भउको उत्साह र फराकिलो व्यवहारको लागि दिलै देखि धन्यवाद सिवाय यसको मूल्य छैन । अमूल्य सदभाव र सहयोगको लागि फेरि पनि धन्यवाद ।

**२०६८/04/07**

लण्डनको म्यूजियम हेर्न रहरमा मन आतुर थियो । कार्यक्रमले यस दिनलाई साइत जुराएछ । विहान भने यहाँ भने अलि बढी नै अल्छि मनाउने ठाउँ रहेछ । कारण त थाहा भएन । यहाँ बेलुका नौ बजे सम्म घामले यहाँका मानिसलाई साथ दिइ रहँदो रहेछन् । नौ बजे सम्म नै घाम नअस्ताउने भए पछि मानिस पनि समयमा नै घर फर्किहाल्न आवश्यक परेन । अरु नभएपनि केही खान नै पऱ्यो । खान बाहिरबाट नै ल्याए पनि चिया मात्र तताउँदा पनि एक आधा घण्टा लाग्छ नै । कम्प्यूटरमा बस्नु पर्ने काम भएपनि केही गर्नै पऱ्यो । यसले गर्दा बेलुका ढिलो समयमा सुकला भएपछि विहान पनि छोटो बन्दो रहेछ । हुन त यहाँ उज्यालो पनि साह्रै चाँडो हुँदो रहेछ । दुई अढाइ बजे नै सूर्य नारायणको सन्देश लिएर पृथ्वी तलमा उज्यालोले आफ्ना पाइला चाल्न थाल्दो रहेछन् ।

सूर्यदेव पनि सन्देश दाताको उचित कदर गर्दै समयमा नै प्राणी जगतलाई न्यानोपनको मायाले आच्छादित गर्दै उपस्थित हुनु स्वभाविकै हो । तर घामको बाटो छेक्ने कुइरो वाहल पानी र धाम्म धुम्मले लण्डनलाई साह्रै आकान्त पार्दो रहेछ । लण्डनवासीलाई मात्र होइन, यसका पाहुनाजनलाई पनि ज्यादै खुःखका पोको कोसेलीको रुपमा पाइदो रहेछ । छातालाई निक्म्मा बनाउने त बर्खेझरीको धर्म नै हो । धेरै पटक लण्डनलाई चिन्ह खोज्दा बाधा पुगेको छ । धेरै ठाउँमा आफूलाई उपस्थिती जाहेर गर्नमा बाधा पुऱ्याउने यी सबै प्रकारका बाधक शक्तिसंग प्रशस्त गुनासो र खेड व्यक्त गर्न आवश्यक पऱ्यो ।

लण्डन टावरको नामले प्रख्यात म्युजियम घर सन् १०७० मा नै विलियमले बनाएका रहेछन् । यी विजय यात्रामा लगनशील योद्धाले प्रशस्त ढुंगाको संकलनमा टावरको रुपमा लण्डनमा किल्ला (Fortress) बनाउन शुरु गरेका रहेछन् । यस प्रकारको विशाल किल्ला लण्डनमा यस अघि कैलै देखिएको थिएन । यी विलियमको आफ्नो शक्ति प्रदशन गन सेतो टावर (White Tower) बनाएर स्काइ लाइनमा पनि आफ्नो अजय किल्ला बनाउन चाहेकन थिए रे साथै यी महन व्यक्तिले लण्डनवासीहरुको मन र मस्तिष्कलार्य नै आफ्नो प्रभाव र नियन्त्रणमा राख्न इच्छा राख्थे रे । यिनको यस प्रकारको जंगली सपना सफल हुन त सकेन तर हजारौ वर्ष पछि यो किल्लालाई टावर अफ लण्डन को रुपमा विश्वविख्यात पुरातत्व विभागको रुपमा विकास भएको छ । यसलाई दर्शनका लागि विसौ लाख यात्रुहरुले यस पुरातात्विक बस्तुहरुको सामानहरुको दर्शन गर्दा रहेछन् । यो प्राचिन कालिन ढुंगाको टावर हालमा शक्तिशाली र आकर्षक स्थानका रुपमा रहेको छ ।

*(क्रमशः)*

# क्रिकेटमा नेपाललाई ठूलो सफलता




काठमाडौं । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) विश्व क्रिकेट लिग डिभिजन दुई अन्तर्गत जित्नैपर्ने बाध्यता थियो । खेलमा क्यानडामाथि एक विकेटको रोमाञ्चक जित नेपालले हात पारेपछि नेपाल डिभिजन एकमा बढुवा भएको छ । यससँगै नेपालले सन् २०१९ मा इङ्ल्यान्ड र वेल्सले संयुक्त रूपमा आयोजना गर्ने क्रिकेट विश्वकपको अन्तिम चरणको छनोट प्रतियोगिताका लागि पनि स्थान सुरक्षित गरेको छ । विश्वकप छनोट प्रतियोगिता आगामी मार्चमा जिम्बावेमा हुँदै छ ।

छनोट चरण पार गर्दै नेपाली क्रिकेटले ५० ओभरको क्रिकेटमा हात पारेको यो नै अहिलेसम्मकै ठूलो सफलता हो । नेपालले यसअघि सन् २०१५ देखि २०१७ सम्म सञ्चालन भएको डिभिजन एकको प्रतियोगिता विश्व क्रिकेट लिग च्याम्पियनसिप खेलेको थियो ।

च्याम्पियनसिपको शीर्ष चारभित्र अटाउन सकेको भए नेपालले डिभिजन दुईको प्रतियोगिता नखेली जिम्बावेमा हुने विश्वकप छनोट प्रतियोगितामा स्थान सुरक्षित गर्न सक्षम हुने थियो । डिभिजन एकको बढुवा र विश्वकप छनोट प्रतियोगिताका लागि छानिएसँगै नेपालले एकदिवसीय टोलीको मान्यता पाउने सम्भावना पनि जीवितै राखेको छ।

जिम्बावेमा हुने विश्वकप छनोट प्रतियोगितामा नेदरल्यान्ड्सबाहेक शीर्ष स्थान हात पार्ने तीन टोलीले २०२२ सम्मका लागि एकदिवसीय टोलीको मान्यता पाउनेछन्। विश्वकप छनोटमा टेस्ट मान्यताप्राप्त टोली जिम्बावे, वेस्ट इन्डिज, आयरल्यान्ड र अफगानिस्तानसहित एसोसिएट टोली नेदरल्यान्ड्स, स्कटल्यान्ड, पपुवा न्युगिनी (पिएनजी), हङकङ, संयुक्त अरब इमिरेट्स (युएई) र नेपाल छन् । विश्वकप छनोट प्रतियोगितामा स्कटल्यान्ड, पिएनजी, हङकङ र युएईमध्ये शीर्ष तीनभित्र अटाउन सकेको अवस्थामा नेपालले चार वर्षसम्मका लागि पहिलो पटक एकदिवसीय टोलीको हैसियत प्राप्त गर्नेछ । नामिवियाको वान्डेरर्स क्रिकेट मैदानमा एक सय ९५ रनको लक्ष्य पछ्याएको नेपालले बलर करण केसीको अविश्वसनीय ब्याटिङ प्रदर्शनसँगै अन्तिम बलमा जित भेट्टाएको हो।नेपाललाई विजयी बनाउन करणले ३१ बलमा अविजित रहँदै ४२ रनको योगदान दिए ।

उनले आफ्नो पालिमा चार छक्का र तीन चौका प्रहार गरे। नेपाल जितबाट निकै टाढा देखिएको अवस्थामा करणले धैर्यतापूर्वक तर विस्फोटक ब्याटिङ गर्दै खेललाई लयमा फर्काएका थिए । पूरै नेपाली खेल उल्टाएका करण केसीले ३१ बलमा चार छक्का र तीन चौकाको मद्दतमा ४२ रन बनाएर नटआउट रहे । सँगै नटआउट रहेका सन्दीप लामिछानेले १८ बलमा पाँच रनमात्र बनाए । नेपालको जितका लागि करणको प्रदर्शन सनसनीपूर्ण रहयो । यससँगै नेपाल ५ खेलमध्ये ४ खेलमा जित हात पार्दै ८ अंक जोडेर शीर्ष स्थानमा रहेको छ । जितका लागि अन्तिम ओभरमा ८ रन चाहिएको अवस्थामा ८ रन नै जोड्न सफल भयो । अन्तिम विकेटका लागि करन केसी र सन्दीप लामिछानेले ५१ रनको साझेदारी गर्दै नेपाललाई जित दिलाए । आक्रामक इनिङ्स खेलेका करनले ३१ बलमा ४ छक्का र ३ चौका प्रहार गर्दै ४२ रन जोडे । सन्दीप ५ रनमा नटआउट रहे । यसअघिका खेलमा जस्तै नेपालले क्यानडाविरुद्धको खेलमा पनि सुरुवाती ब्याटिङ राम्रो गर्न सकेन ।

ओपनर दिलिपनाथले ४१ रनको योगदान दिए । अघिल्ला तीन खेलमा कमजोर ब्याटिङ गरेका विकेटकिपर ब्याट्सम्यान दिलिपनाथले ४१ रनको योगदान दिए । ६८ बल खेलेका नाथले ५ चौका प्रहार गरे । रोहितकुमार पौडेल २७ तथा आरफल शेख २६ रनमा आउट भए । ओपनर दिलिपनाथ र दीपेन्द्रसिंह ऐरीले तेस्रो विकेटका लागि ५० रनको साझेदारी गर्दै नेपालको इनिङ्स सम्हालेका थिए । दीपेन्द्रसिंह ऐरी १८ रनमा आउट भएपछि नेपालको विकेट पतन रोकिएन । छैटौ विकेटका लागि रोहित र आरिफले ४६ रनको साझेदारी गरे । सोमपाल कामी ७ रनमा पभेलियन फर्किए । ओपनर ज्ञानेन्द्र मल्ल ९ रनमा पभेलियन फर्कंदा कप्तान पारस खड्का गोल्डेन डक आउट भए ।